म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २८१ बुधबार ९ जेठ २०८१ ने. सं. ११४४ बछलाथ्व 22 May 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## कामममा जान हिँडेका हुमागाई हराए

हेटौंडा, ८ जेठ/हेटौंडा-५ बनष्खण्डी गुम्बाटोल बस्ने धीरोज हुमागाई हराएकोले खोजी गरिदिन परिवारले आग्रह गरेका छन् । २५ वर्षीय धिरोज आइतबार बिहान घरबाट काममा जान्छु भनी हिडेकोमा हालसम्म पनि सम्पर्कमा नआएकोले परिवारले खोजी गरिदिन आग्रह गरेका हुन् । बुबा गणेशप्रसाद हुमागाईंका अनुसार धिरोज घरबाट काममा निस्कदा निलो रंगको हाफ टिसर्ट (पछाडि घरसंसार लेखेको) कालो रंगको पाइन्ट र कालै रंगको चप्पल लगाएका छन् ।

गहुँगोरो बर्णको उचाई ५ फिट ४ इन्च, मोटाइ पातलो रहेको उनीलाई देखनेले नजिकैको प्रहरीचौकीमा खबर गरिदिनु हुन परिवारले आग्रह गरेको छन् । परिवारले धिरोज हराएकोले खोजी गरिदिन जिल्ला प्रहरी कार्यालय मकवानपुरमा निवेदन दर्ता गराएका छन् ।

# कृषि क्षेत्रमा चुनौती धेरै, रासायनिक मलमै अलमल

साझाकुरा संवाददाता

हेटौंडा, ८ जेठ/ बागमती प्रदेशका कृषि तथा पशुपन्छी विकास मन्त्री डा.राजेन्द्रमान श्रेष्ठले एकवर्षे कार्यकालमा १५ वटा नीतिगत उपलब्धीहरु र ११ वटा कार्यक्रमगत उपलब्धी सार्वजनिक गरेका छन् । गत २०८० जेठ ६ गते मन्त्री बनेका श्रेष्ठले एकवर्षको अवधिमा कार्यसम्पादित कामहरु सार्वजनिक गरेका हुन् ।

मन्त्रालय तथा अन्तर्गतका कार्यालयको संगठन संरचना तथा दरबन्दी तेरीज स्वीकृत भई कृषि विकास कार्यालय तथा पशुसेवा कार्यालय नरहेका जिल्लामा सेवाकेन्द्र स्थापना गरिएको बताइएको छ । सबै जिल्लामा कार्यालयकै रुपमा स्थापना हुनेगरी नीति कार्यक्रममा प्रस्ताव गरिएको मन्त्री श्रेष्ठले जानकारी दिएका छन् । दुध विक्रीमा आएको समस्या समाधान एवम् गुणस्तरीय दुध उत्पादन र दुधमा प्रोत्साहन अनुदानका विषयमा बिभिन्नचरणमा विज्ञ एवम् सरोकार वालाको सहभागितामा छलफल गरिएको, दुधको गुणस्तर सुधारका लागि गर्नुपर्ने कदम र प्रोत्साहन अनुदानमा गर्नुपर्ने व्यवस्था सम्बन्धमा सुझाव प्राप्त भएको मन्त्री श्रेष्ठले बताए ।

बागमती प्रदेशको कृषि विकासको बर्तमान अवस्था र गर्न सकिने प्रयास, रेशमखेतीको विकास र प्रवर्द्धन, कृषिमा सूचनाप्रविधिको प्रयोगमा कृषिविज्ञ सरोकार वालालगायतको सहभागितामा छलफल गरिएको, प्रदेशको कृषि विकासका लागि बिभिन्न सुझाव प्राप्त भएको उनले बताए । बाँदर पीडित कृषकसँग छलफल गरेको,



बाँदरको कारणबाट हुने क्षति नियन्त्रणको लागि विज्ञसँग छलफल गरिएको, प्रदेशको पशुसेवा कार्यालय चितवनबाट डा. बब्लु ठाकुरलाई भारत पठाई बाँदर व्यवस्थापन र नियन्त्रण सम्बन्धमा ५ दिने तालिम लिई आएको मन्त्री श्रेष्ठले बताए ।

प्रदेशमा रासायनिक मलको माग बमोजिम उपलव्ध गराउनको लागि संघीय मन्त्रालयसँग आवश्यक समन्वय गरिएको, बिगत वर्षबाट संचालनमा आएका चितवनको माडी र सिन्धुलीको दुधौलीमा अवरुद्द भएको सामूहिक खेती कार्यक्रम अवलोकन निरीक्षण गरिएको, प्रदेशसभा सदस्य, प्रमुख, उपप्रमुख, वडाअध्यक्ष, कार्यालयका प्रतिनिधि, सरोकारवालालगायतको उपस्थितिमा छलफल गरिएको, सामूहिक खेतीमा आएका समस्या र समाधानका उपायका बारेमा छलफल भई सामूहिक खेतीलाई विस्तार गर्न आगामी आ.व.मा कार्यक्रम राख्ने विषयमा मन्त्रालय प्रतिवद्ध रहेको उनले जानकारी दिए ।

लम्पीस्किन डिजिज नियन्त्रण तथा रोकथामको लागि १ हप्ते अभियानमा ४८ हजार गाईमा नि:शुल्क खोप लगाइएको, बागमती प्रदेश सरकारले नेपालमा नै पहिलोपटक कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा प्रतिकूल असर पार्ने प्राकृतिक र गैरप्राकृतिक विपदवाट प्रभावित किसानलाई राहत रकम प्रदान गर्ने कार्यको सुरु गरी हालसम्म १ करोड ९१ लाख ७६ हजार रुपैयाँ कृषकको खातामा पठाईएको मन्त्री श्रेष्ठले जानकारी दिएका छन् ।

भेडा बाखामा लाग्ने पिपिआर रोग नियन्त्रण तथा रोकथामको लागि २०८० फागुन १६ देखि २२ गतेसम्म प्रदेशको १३ वटै जिल्लामा सप्ताहव्यापी खोप अभियान सञ्चालन गरी ११,४२,३२७ भेडाबाखालाई पिपिआर रोग विरुद्धको खोप लगाइएको उनले बताए । प्रदेशका ८ जिल्लाका १० स्थानमा निर्माणाधीन शीत भण्डारको निर्माणकार्य ८६ प्रतिशत सम्पन्न भएको, रसुवामा सञ्चालनमा आएको, दोलखाको जिरी, सिन्धुपाल्चोकको लिशंखुपाखर, सिन्धुलिको मुल्कोट र रामेछापको मन्थलीमा परीक्षण सम्पन्न भएको, बाँकी जिल्लामा निर्माणकै चरणमा रहेको बताए । शीतभण्डार निर्माण कार्यबाट करिव १५,८०० मेट्रिकटन फलफूल तथा तरकारी भण्डारण गर्न सकिने बताइउको छ ।,

पशुपंक्षीको रोग अन्वेषण तथा अनुसन्धान गर्न कृषि तथा वनविज्ञान विश्वविद्यालय, रामपुर, चितवनमा बायो सेफ्टी लेभल टु प्लस प्रयोगशाला स्थापनाका लागि भवन निर्माणकार्य सम्पन्न भइ हस्तान्तरण गर्ने क्रममा रहेको, हेटौंडामा बागमती धुलो दुध कारखानाको निर्माणकार्य सम्पन्न भई परीक्षणकार्य सम्पन्न गरी साझेदारीमा सञ्चालनको निर्णय भइसकेको उनले बताए । धुलो दुध कारखानाको सञ्चालनवाट दैनिक करिव ६० हजार लिटर दूधको पाउडर बनाउन सकिने र दुध बिक्री नहुने समस्या समाधानमा सघाउ पुगेको बताइउको छ ।

हेटौंडा उपमहानगरको सहकार्यमा हेटौंडा-११ मा निर्माणाधीन प्रादेशिक कृषि थोकबजारको निर्माण कार्य ८५ प्रतिशत सम्पन्न भएको तथा निर्माणकार्य सम्पन्न भएलगत्तै तरकारी र फलफूलको विषादि अवशेष परीक्षण गरिने मन्त्री श्रेष्ठले जानकारी दिएका छन् । गुणस्तरीय भेटेरिनरी सेवालाई थप विस्तारका लागि भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्र, चितवनको परिसरमा आधुनिक भेटेरिनरी अस्पताल निर्माणकार्य ६० प्रतिशत सकिएको, पशुस्वास्थ्य तथा क्लिनिकल सेवालाई विस्तार गर्न स्थानीय तहसँगको समन्वयमा प्रदेशका २६ स्थानमा 'एक वडा एक पशुस्वास्थ्य क्लिनिक' स्थापनाका लागि निर्माणकार्य अन्तिम चरणमा रहेको उनले बताए ।

स्थानीय तहसँगको साझेदारीमा समुदायमा आधारीत खेती प्रणालीमार्फत कृषि उत्पादनमा आत्मनिर्भर वडा निर्माण गर्न चालुआर्थिक वर्षबाट एक वडा एक कृषिउत्पादन कार्यक्रम सुरुवात गरिएको उनले बताए । पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयबाट संचालित उत्पादनमा आधारित दुधमा अनुदान कार्यक्रमअन्तर्गत आ.व. २०७९/८० मा करिब ३० करोड रकम दुग्ध उत्पादकलाई प्रवाह भएको चालु आवमा बिनियोजित छ करोड थोरै भएकोले थप ४५ करोडको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा माग गरिएको उनले बताए ।

# मकवानपुरसहितका ३ जिल्लामा पूर्वाधार कार्यालय खोल्ने निर्णय

साझाकुरा संवाददाता



हेटौंडा, ८ जेठ/ बागमती सरकारले मकवानपुरसहित प्रदेशका ३ जिल्लामा पूर्वाधार विकास कार्यालय खोल्ने निर्णय गरेको छ । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले प्रदेशको ३ जिल्लामा कार्यालय सञ्चालन गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयको संक्षिप्त दरबन्दी तेरिज स्वीकृत गर्ने निर्णय गरेको हो ।

सरकारका प्रवक्ता गंगानारायण श्रेष्ठका अनुसार मन्त्रालयको दरबन्दी थप हुने गरी मकवानपुर, दोलखा र रसुवामा पूर्वाधार विकास कार्यालय सञ्चालन गर्ने निर्णय गरेको हो । यसअघि ८ जिल्लामा कार्यालय राखेर काम गर्दै आएको मन्त्रालयले उपत्यकामा एकसहित ११ वटा पूर्वाधार विकास कार्यालय सञ्चालन गर्ने निर्णय गरेको हो । मन्त्रालयले पूर्वाधार विकास कार्यालय मकवानपुरका लागि १५, पूर्वाधार विकास कार्यालय दोलखामा १२ र पूर्वाधार विकास कार्यालय रसुवामा ८ जनाको दरबन्दी कायम गरी सेवाप्रवाह गर्ने तयारी गरेको छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव अमृत श्रेष्ठका अनुसार यसअघि पूर्वाधार विकास कार्यालय चितवनले मकवानपुर, पूर्वाधार विकास कार्यालय सिन्धुपाल्चोकले दोलखा र पूर्वाधार विकास कार्यालय नुवाकोटले र सुवामा भएका काम हेर्दै आएको थियो । मन्त्रिपरिषद् बैठकले सामाजिक विकास मन्त्रालयको संक्षिप्त दरबन्दी तेरिज स्वीकृत गर्ने निर्णय गरेको छ ।

मन्त्रालयका सचिव राजन पौडेलका अनुसार सामाजिक विकास मन्त्रालयबाट विभाजन गरिएको युवा तथा खेलकुद मन्त्रालयमा आवश्यक कर्मचारी पठाउने निर्णय भएको हो । सामाजिक विकास मन्त्रालयको ३० जनाको दरबन्दीबाट ४ जना घटाएर युवा तथा खेलकुद मन्त्रालयमा पठाइएको उनले बताए ।

मन्त्रिपरिषद् बैठकले प्रदेश उच्चशिक्षा अध्यादेशलाई प्रतिस्थापन गर्न बनेको विधेयक पेस गर्न स्वीकृति दिने निर्णय गरेको छ । प्रदेश प्रशिक्षण प्रतिष्ठान विधेयक प्रदेशसभामा पेस गर्न स्वीकृति दिने निर्णय मन्त्रिपरिषद्ले गरेको सरकारका प्रवक्ता मन्त्री श्रेष्ठले जानकारी दिए ।

# थाहाका ११ शिक्षकको क्रियाशील सदस्यता खारेज

साझाकुरा संवाददाता

हेटौंडा, ८ जेठ/नेपाली कांग्रेस थाहानगरले आफ्नो दलमा आवद्ध भएका शिक्षकको क्रियाशील सदस्यता खारेज गरेको छ । नेपाली कांग्रेसले आफ्नो दलमा आवद्ध ११ शिक्षकको क्रियाशील सदस्यता खारेज गरेको जानकारी ६ जेठमा थाहा नगरपालिका शिक्षा शाखाप्रमुख माधवविक्रम मल्ललाई दिएको तरुण दल थाहानगरका कार्यवाहक सभापति विक्रम गोपालीले जानकारी दिए ।

सभापति गोपालीले भने- 'अरु दलले के गर्छन् थाहा छैन, हामीले नगरपालिकाको सूचनालाई कार्यान्वयन गर्‍यौं यो आँट अरु दलमा छ छैन हेर्न बाँकी छ ।,' थाहा नगरपालिकाले शिक्षा मन्त्रालयको निर्देशन अनुसार २३ वैशाखमा दलमा आवद्ध शिक्षकले दलको सदस्यता नलिन आग्रह गर्दै



सार्वजनिक सूचना गरेको थियो ।

नेपाली कांग्रेस थाहानगर सभापति प्रमोदकृष्ण जोशीका अनुसार, नगरका ९ विद्यालयका ११ शिक्षकको क्रियाशील सदस्यता खारेज गरेको हो । क्रियाशील सदस्यता खारेज हुनेमा सोम तामाङ, अर्चना आले, श्याम तामाङ, ज्ञानराज कार्की, रीता कठायत, रत्नमाया गोले, वसन्तकुमार गोपाली, रुद्र गोपाली, पुस्करकुमार केसी, कमला पौडेल र जयराम अधिकारी रहेका छन् ।

# कान्तिलोकपथ एक हप्ताभित्र सञ्चालन गरिने



साझाकुरा संवाददाता

हेटौंडा, ८ जेठ/ काठमाडौं-हेटौंडा जोड्ने कान्तिलोकपथ सडक एक हप्ताभित्र सञ्चालनमा ल्याउने गरी मर्मत गरिने भएको छ ।

निर्माण आयोजनाका सूचना अधिकारी, इञ्जिनीयर रवीन्द्र महर्जनले विसं २०८० साल चैत १ गतेदेखि बन्द भएको सडक एक हप्ताभित्र सञ्चालनमा ल्याउने गरी मर्मतसम्भार प्रक्रिया अगाडि बढाइएको जानकारी दिएका छन् । उनले 'एक हप्ताभित्र झाँक्रीडाँडाबाट छपेलीतर्फ कार्कीबास र काल्चेक्षेत्रमा सडक फराकिलो बनाउने र ललितपुरतर्फको 'सिंगल लेन' भएको ठाउँमा पनि यसै आर्थिक वर्षमा सडक फराकिलो बनाउने काम हुन्छ, सोहीअनुसार हामीले तयारी गरेका छौं,' महर्जनले भने ।

गत वैशाख १५ गतेदेखि आंशिकरुपमा खुला गरिएको सडक मर्मतसम्भारका क्रममा माथिबाट ढुंगा खसेर पूर्ण रुपमा क्षति पुगेपछि काल्चे सडकखण्ड वैशाख २१ गतेदेखि पूर्णरुपमा बन्द भएको थियो । काठमाडौंलाई हेटौंडासँग जोड्ने छोटो दूरीको यो सडक निर्माण थालिएको ६७ वर्ष भइसकेको छ । तत्कालीन नेपाली सेनाको नेतृत्वमा वि.सं २०१३ मा 'ट्र्याक' खन्न सुरु गरी वि.सं २०१६ मा सकिएको थियो । २०१६ सालमा तत्कालीन राजा महेन्द्रले आफैंले जीप हाँकेर काठमाडौंबाट हेटौंडा आएको ईतिहास रहेको छ ।

कान्तिराजमार्गको हेटौंडा बुद्धचोकदेखि ललितपुरको सातदोबाटोसम्म ९२ किलोमिटर लम्बाइ रहेको छ । यसमध्ये बुद्धचोकदेखि–टीकाभैरवसम्म ७९ किमी सडक आयोजनाले निर्माण गर्ने र बाँकी खण्ड निर्माण गराउने जिम्मा सडक डिभिजन कार्यालय ललितपुरले लिएको छ । यसअघि नै टीकाभैरवदेखि चापागाउँ बसपार्कसम्मको सडक चौडा पार्ने काम पूरा भइसकेको छ । स्थानीयको अवरोधका कारण ठेचो सुनाकोठीको भाग चौडा हुन नसकेपछि विसं २०७६ सालमा सरकारले निर्णय गरेर सडकखण्ड टीकाभैरबबाट छम्पी भैंसेपाटी हुँदै नख्खुसम्म तय गरेको थियो । भैंसेपाटीसम्म सडक चौडा भइसकेको छ भने छम्पी टीकाभैरब खण्ड चौडा गर्न बाँकी छ ।

# ८० घरधुरी चेपाङ समुदायलाई खाद्यान्न

साझाकुरा संवाददाता

हेटौंडा, ८ जेठ/ मकवानपुरको राक्सिराङ गाउँपालिका-७ दामराङका ८० घरधुरी चेपाङ समुदायलाई खाद्यान्न वितरण गरिएको छ । नेपाल बौद्धविहार संस्थाले खाद्यान्न वितरण गरेको हो ।



संस्थाले फुड एड प्रोजेक्ट वनरेडल कुङसिन ताईवानका प्रतिनिधि विकास महर्जन र पूर्वसांसद राजाराम स्याङ्तानको प्रमुख आतिथ्यतामा खाद्यान्न वितरण गरिएको हो । ८० घरधुरी चेपाङ समुदायलाई प्रतिघरधुरी २५ केजीका दरले ८० बोरा चामल, २ केजी दाल र २ लिटर तेल प्रदान गरिएको हो ।

कार्यक्रममा गोविन्दराम चेपाङ, समाजसेवी कृष्णलाल तामाङ, जंगमान चेपाङ, पूर्णबहादुर चेपाङ, टोल सुधार समितिका अध्यक्ष अक्कल चेपाङ लगायतको आतिथ्यता रहेको थियो ।

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

### अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।




प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-५, पिप्ले, मकवानपुर

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

**सम्पर्क कार्यालय:** सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

## सम्पूर्ण ब्राण्डका गाडी

### एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम




**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# 'बजेट संघीयता लक्षित'

बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि तर्जुमा गर्ने बजेट संघीयताको पूर्णकार्यान्वयन गर्नेतर्फ लक्षित भएको बताएका छन् । तर, बजेट खर्चको चुनौतीका बारेमा भने सरकारी निकाय सम्बेदनशील रहेको पाइएको छैन । असारे विकासका मोडलमा आसै परिवर्तन आउन सकेको छैन । संघीयताको मर्म र भावनाअनुरुप प्रदेशगत संरचनालाई थप मजबुद र स्थायित्व दिने गरी आगामी आर्थिक वर्षको बजेट निर्माण भइरहेको सोमबार सदनमा प्रदेशसभा सदस्यहरुको प्रश्नको जवाफ दिँदै सन्तुलित र दीगो विकास, गरिबी निवारण र रोजगारीमा वृद्धि गर्नु नै प्रदेश सरकारको बजेटका सिद्धान्त, प्राथमिकता र कार्यक्रमको लक्ष्य रहेको मन्त्री थपलियाले स्पष्ट पारेका छन् ।

युवाको विदेशपलायन रोक्ने कार्यक्रम, उत्पादनका क्षेत्रलाई लक्षित गरी बजेट विनियोजन, जनताका आधारभूत आवश्यकताको परिपूर्ति, सेवाक्षेत्रको सेवाविस्तार र सुधार, दीगो र वातावरणमैत्री पूर्वाधार विकासलाई महत्वका साथ हेरेको बताइएको छ । सुशासन र पारदर्शीता, निर्वाहामुखीबाट उत्पादनमुखी कृषि, देशभित्र उपलब्ध सेवा र वस्तुहरुको आयात प्रतिस्थापन, सामाजिक समावेशीकरण र लैंगिक समानता, भाषा तथा संस्कृतिको प्रवर्द्धन, जलवायू परिवर्तनका असरहरुको न्यूनीकरण र अनुकुलन, सूचनाप्रविधि र वैकल्पिक उर्जाप्रवर्द्धन, औद्योगिक विकास, शिक्षा र स्वास्थ्य, मन्त्रालयको विषयगत सेवा विस्तारको लागि कार्यालय विस्तारलगायत तमाम विषयमा प्रदेश सरकार गम्भिर ढंगले लागिरहेको बताइएको छ । सरकारले प्रदेशसभा अर्थ तथा विकास समिति, प्रदेश सरकारका मन्त्रालय तथा निकायहरु, प्रदेशभित्रका योजना तथा विकास विज्ञहरु, स्थानीय तहका महासंघ तथा संघका पदाधिकारी, निजीक्षेत्रलगायत अन्य सरोकारवालासँग विभिन्न चरणमा घनीभूत छलफल गरी प्राप्त भएका सान्दर्भिक सुझाव समावेश गरेर प्रदेश सरकारको सिद्धान्त र प्राथमिकता तय गरेको जानकारी दिइएको छ । वातावरण संरक्षणसम्बन्धी विषय प्रदेश सरकारको प्राथमिकतामा रहेको बताउँदै सिद्वान्त र प्राथमिकतामा समेत यो विषयलाई समावेश गरिएको मन्त्री थपलियाले बताएका छन् । मन्त्री थपलियाले वातावरण संरक्षणका क्षेत्रमा फोहोरमैला व्यवस्थापन मात्र होइन, कार्वनउत्सर्जन न्यूनीकरण, जलाधार व्यवस्थापन जलवायु परिवर्तन अनुकूलनलगायत क्षेत्र प्रदेश सरकारको प्राथमिकतामा रहेको स्मरण गराउँदै आगामी बजेटमा कार्यक्रममार्फत सम्बोधन गरिने पनि सदनमा जानकारी दिएका छन् । भाषा, कला, साहित्यलगायत सम्पूर्ण सांस्कृतिक पक्षको प्रवर्द्धन र सम्वर्द्धनमा प्रदेश सरकार प्रतिवद्ध छ ।

प्रदेश सरकारको सिद्धान्त र प्राथमिकतामा समेत सामाजिक क्षेत्रको विकासतर्फ साहित्य, कला, संस्कृतिलगायतका क्षेत्रको विकास तथा प्रवर्द्धन गरिने विषय समेत समावेश गर्ने बताए । मन्त्री थपलियाले सिद्धान्त र प्राथमिकतामा राखिएका क्रमसंख्या कम र बढी प्राथमिकताको कारण तलमाथि नराखिएको भन्दै सबै क्षेत्रहरुमा प्रदेश सरकारले समान प्राथमिकता तथा आवश्यकता र औचित्यताका आधारमा बजेट विनियोजन गर्ने समेत बताए । निजी क्षेत्रलाई प्रोत्साहन गरी प्रदेशको आर्थिक सामाजिक सांस्कृतिक विकासमा योगदान पुऱ्याउन संघीय र स्थानीय सरकारसँग आवश्यक समन्वयमा सार्वजनिक जग्गामा आधारभूत औद्योगिक पूर्वाधार निर्माण गर्ने र उक्त क्षेत्रमा लगानी गर्न निजी क्षेत्रलाई आह्वान गर्ने विषयलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको उनले बताएका छन् । समग्रमा बजेट निर्माणमा भन्दा पनि न्यायोचित वितरण र खर्चगर्ने परिपाटीमा सुधार गर्नु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ जेठ १० गते बिहीबार २३ मे २०२४ । पूर्णिमा, बैशाख शुक्लपक्ष । बछलाध्व ११४४ ने.सं. । सूर्योदय ५:१३, सूर्यास्त ६:४१ । बुद्ध जयन्ती । उभौली पर्व । कूर्म जयन्ती ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : जीवनसाथीसँग मतभेद हुनसक्नेछ | तुला | : रोकिएका काम सम्पादन हुनेछन् |
| वृष | : आध्यात्मिक चेतना प्राप्त हुनेछ | वृश्चिक | : पठन-पाठनमा प्रगति हुनेछ |
| मिथुन | : शुभ समाचार मिल्नेछ | धनु | : सभा-समारोहमा अवसर मिल्नेछ |
| कर्कट | : व्यापार लाभप्रद रहनेछ | मकर | : आत्मविश्वासमा कमी आउनेछ |
| सिंह | : सन्तानको चिन्ता बढ्नेछ | कुम्भ | : व्यापारमा हानि हुन सक्नेछ |
| कन्या | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ | मीन | : समाजमा सराहना हुनेछ |

# नेपालको नयाँ विदेशनीति प्रस्तावना



गेजा शर्मा वाग्ले

**अन्तर्राष्ट्रिय सम्बन्ध र विदेशनीतिको दृष्टिले नेपाललाई अब तरुल होइन, पुल सिद्धान्तका आधारमा पुनः परिभाषित गर्नुपर्ने उपयुक्त घडी आएको छ ।**

एक्काइसौं शताब्दीको परिवर्तित, तरल र अनिश्चित राष्ट्रिय-अन्तर्राष्ट्रिय राजनीतिक, भूराजनीतिक, सामरिक, आर्थिक, व्यापारिक परिदृश्यमा नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र विदेशनीति पुनः परिभाषित गर्नुपर्ने परिवेश सिर्जना भएको छ । आणविक शक्तिसम्पन्न उदीयमान शक्तिराष्ट्रहरू भारत र चीनबीचको भूराजनीतिक दृष्टिले महत्त्वपूर्ण तथा सामरिक दृष्टिले संवेदनशील नेपालको विदेशनीतिको आयाम र परिधि थप बहुआयामिक र जटिल हुँदै गएको देखिन्छ ।

राष्ट्रिय-अन्तर्राष्ट्रिय परिवेश जतिसुकै परिवर्तन भए पनि नेपालका नीतिनिर्मातामा परम्परागत दृष्टिकोण र शीतयुद्धकालीन 'ह्याङओभर' अहिलेसम्म पनि कायमै भएको देखिन्छ । त्यसैले अमूर्त, परम्परागत तथा प्रतिरक्षात्मक विदेशनीतिलाई नीतिनिर्माताले गायत्रीमन्त्रजस्तै जप्दै आइरहेका छन् ।

कुनै देशको कुनै पनि नीति राष्ट्रिय-अन्तर्राष्ट्रिय परिवेशअनुरूप गतिशील र परिवर्तनशील हुन्छन् । राजनीतिशास्त्रको परिभाषाअनुसार विदेशनीतिका केही सिद्धान्त सर्वकालिक हुन्छन् भने केही सामयिक । अन्तर्राष्ट्रिय सम्बन्धमा 'कन्टिन्युटी एन्ड चेन्ज' (निरन्तरता र परिवर्तन) बहुप्रचलित थेगो (क्लिसे) नै हो ।

त्यसैले नेपालले नयाँ विदेशनीति मस्यौदा गर्दा सर्वकालिक नीतिलाई निरन्तरता दिँदै सामयिक नीतिलाई अद्यावधिक वा परिमार्जन गर्नु उपयुक्त हुनेछ । नेपालको अन्तर्राष्ट्रिय सम्बन्धको आधारभूत प्रस्तावना के हो ? विदेशनीतिका मार्गनिर्देशक सिद्धान्त के हुन् ? भन्ने जटिल सैद्धान्तिक प्रश्न उठिरहेका छन् । त्यसैले परिवर्तित परिवेशको वस्तुनिष्ठ अध्ययन र विश्लेषण गरी राष्ट्रहित र स्वार्थको आधारमा नेपालको अन्तर्राष्ट्रिय सम्बन्धलाई पुनःव्याख्या र परम्परागत, प्रतिरक्षात्मक र अमूर्त विदेशनीतिलाई परिमार्जन गर्नु आवश्यक छ ।

### सार्वभौमिक समानताको सिद्धान्त

सार्वभौमिक समानताको सिद्धान्त (प्रिन्सिपल अफ सोभरेन इक्वालिटी) अन्तर्राष्ट्रिय सम्बन्ध र विदेशनीतिको आधारभूत सिद्धान्त हो । संयुक्त राष्ट्रसंघको बडापत्रमा पनि सार्वभौमिक समानताको सिद्धान्तलाई अन्तर्राष्ट्रिय सम्बन्धको मूलमन्त्रका रूपमा व्याख्या गरिएको छ । नेपालको संविधानले पनि सार्वभौमिक समानताको सिद्धान्तलाई अन्तर्राष्ट्रिय सम्बन्ध र विदेशनीतिको मार्गनिर्देशक सिद्धान्तका रूपमा परिभाषित गरेको छ । राजनीतिशास्त्रको परिभाषाअनुसार कुनै पनि स्वतन्त्र र सार्वभौम देशको भौगोलिक आकार वा आर्थिक तथा सैन्य हैसियत असमान भए पनि सार्वभौमिकता समान हुन्छ । भौगोलिक दृष्टिले सबैभन्दा ठूलो रसिया र सानो मोनाको तथा आर्थिक-सामरिक दृष्टिले सबैभन्दा शक्तिशाली अमेरिका र विपन्न बुरुन्डीको सार्वभौम हैसियत समान हुन्छ र सोही सिद्धान्तअनुसार कूटनीतिक सम्बन्ध स्थापित हुन्छ ।

कहिल्यै सूर्यास्त नहुने ब्रिटिस साम्राज्यवाद उत्कर्षमा पुगेको कालखण्डमा नेपालको सार्वभौमिक स्वतन्त्रतालाई स्वीकार गर्दै सन् १९२३ डिसेम्बर २१ मा बेलायतसँग सन्धि भएको थियो । नेपाल सार्वभौम र स्वतन्त्र देश भएको कारणले नै सन् १९५५ डिसेम्बर १४ मा संयुक्त राष्ट्रसंघको सदस्य भयो । सार्वभौमिक समानताको सिद्धान्तका आधारमा नै नेपालले अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्दै आइरहेको छ र भविष्यमा यही नीतिलाई मूलमन्त्रका रूपमा आत्मसात् गर्नुपर्छ । किनभने सार्वभौमिक समानता हरेक स्वतन्त्र र सार्वभौम देशको नैसर्गिक अधिकार हो ।

तर सरकार र पार्टीहरूको सानो, भूपरिवेष्टित, अल्पविकसित देश भएको लघुताभास तथा सत्तास्वार्थको कारणले जसरी छिमेकी र मित्रराष्ट्रसँग सार्वभौमिक समानताको आधारमा सम्बन्ध हुनुपर्ने हो, त्यो अनुरूप हुन सकेको देखिँदैन । यस्तो लघुताभासी प्रवृत्ति तथा सत्तास्वार्थको कारणले इतिहासको कतिपय कालखण्डमा शासकहरूले नेपालको सार्वभौमिकता, स्वाधीनता, राष्ट्रहित, राष्ट्रिय स्वार्थ र सुरक्षामा समेत सम्झौता गरी सन्धि, सहमति गरेका थिए ।

भारतसँगका सन् १९५० को सन्धि, सन् १९६५ को हातहतियारसम्बन्धी सन्धि तथा केही प्राकृतिक स्रोत साधन लगायतका विवादित सन्धि, सम्झौता सार्वभौमिक समानताको सिद्धान्तविपरीत छन् । उक्त विवादित सन्धि, सम्झौता, सहमतिका कारणले नेपाल-भारत सम्बन्धमा नै गम्भीर नकारात्मक असर पर्दै आएको छ । खुला सिमानाका कारण नेपाल-भारत सीमा विवादसमेत छ । यदि सार्वभौमिक समानताको सिद्धान्तका आधारमा अन्तर्राष्ट्रिय सम्बन्धलाई पुनः परिभाषित गरियो भने सीमा विवादलगायत सबै विवादित सन्धि, सम्झौता र विषयहरूको निरूपण हुनेछ ।

### राष्ट्रहितमा आधारित सन्तुलित नीति

राष्ट्रहितको आधारमा स्वतन्त्र र सन्तुलित नीति विदेशनीतिको मार्गनिर्देशक सिद्धान्त हो । नेपालको भूराजनीतिक र सामरिक संवेदनशीलताको दृष्टिले पनि यही नीति नै उपयुक्त हो । तर इतिहासको विभिन्न कालखण्डमा नेपालका शासकहरूले राष्ट्रहितमा सम्झौता गरी स्वतन्त्र र सन्तुलित नीतिबाट विचलित भएका छन् । विशेष गरी छिमेकी र शक्तिराष्ट्रहरूसँगको कूटनीतिक सन्तुलन सबैभन्दा चुनौतीपूर्ण देखिएको छ ।

छिमेकी र शक्तिराष्ट्रहरूले नेपाललाई भूराजनीतिक खेल मैदान बनाएर आफ्नो प्रभाव विस्तार गरी सामरिक स्वार्थ हासिल गर्न घोषित-अघोषित प्रतिस्पर्धा गर्दै आएको देखिन्छ । त्यसैले उनीहरूको बहुआयामिक प्रतिस्पर्धा र स्वार्थले नेपालको भूराजनीतिक, सामरिक तथा रणनीतिक महत्व र जटिलता निरन्तर बढ्दै गइरहेको छ । भारत, चीन, अमेरिकालगायतका देशको विदेशनीति, सुरक्षानीति तथा नेपालनीतिको विश्लेषण गर्दा उनीहरूबीच बहुआयामिक प्रतिस्पर्धा भविष्यमा थप बढ्दै जाने देखिन्छ । उक्त प्रतिस्पर्धाको असर नेपालका नीतिनिर्माताले विश्लेषण गरेभन्दा जटिल र जोखिमपूर्ण देखिन्छ ।

सरकार परिवर्तनसँगै विदेशनीतिका प्राथमिकता परिवर्तन हुने तथा सत्तामा पुग्ने वा टिक्ने उद्देश्यले कुनै विदेशीनिकट हुने दुर्भाग्यपूर्ण प्रवृत्ति लामो समयदेखि देखिँदै आएको छ । वास्तवमा सरकार, प्रधानमन्त्री र पार्टीहरूको सत्तास्वार्थ र सम्बन्धअनुसार कहिले उत्तर, कहिले दक्षिण ढल्किने आत्मसमर्पणवादी प्रवृत्तिले राष्ट्रिय स्वार्थमा गम्भीर आघात पर्दै आएको छ । सरकार र पार्टीहरूको यस्तो आत्मघाती प्रवृत्तिका कारण छिमेकीका साथै शक्तिराष्ट्रहरूले नेपालको आन्तरिक मामलामा समेत अवाञ्छित हस्तक्षेप गर्दै आएका छन् । नेपालका लागि योभन्दा ठूलो दुर्भाग्य अरू के हुन सक्छ ?

२०१६ सालमा बीपी कोइरालाको नेतृत्वमा बनेको पहिलो जननिर्वाचित सरकारले सार्वभौमिकताको संवर्द्धन, राष्ट्रहित र राष्ट्रिय स्वार्थको आधारमा छिमेकीलगायत सबै मित्रराष्ट्रसँग स्वतन्त्र र सन्तुलित नीतिको आधार शिला सूत्रपात गरेको थियो । यसैगरी बृहत्तर अन्तर्राष्ट्रिय समुदायसँग कूटनीतिक सम्बन्ध विस्तार तथा विविधीकरण गरी विश्व समुदायसमक्ष स्वतन्त्र, सार्वभौम, स्वाधीन देशको रूपमा स्थापित गरेको थियो । त्यसैले बीपीको नीतिबाट शिक्षा लिएर स्थापनाकालदेखि अंगीकार गर्दै आएका मार्गनिर्देशक सिद्धान्त अवलम्बन गरी राष्ट्रहितलाई सर्वोच्च प्राथमिकता दिएर स्वतन्त्र र सन्तुलित नीति अनुसरण गर्नु आजको राष्ट्रिय आवश्यकता हो ।

राष्ट्रिय एकता, भौगोलिक अखण्डता, सार्वभौमिकता, स्वतन्त्रता, राष्ट्रिय सुरक्षा, राष्ट्रहित र राष्ट्रिय स्वार्थ कुनै पनि देशका आधारभूत र स्थायी मार्गनिर्देशक सिद्धान्त हुन् । नेपालको सन्दर्भमा पञ्चशील, असंलग्नता र संयुक्त राष्ट्रसंघको बडापत्र अन्तर्राष्ट्रिय सम्बन्धका अविभाज्य अंग हुन् । बीसौं शताब्दीको तुलनामा अन्तर्राष्ट्रिय रूपमा नै असंलग्न अभियान अहिले कमजोर भएको कारणले असंलग्नताका बारेमा पुनर्विचार गरी बहुसंलग्नता वा राष्ट्रिय स्वार्थअनुसार संलग्नताको नीति अनुसरण गर्नुपर्छ भन्ने बहस सुषुप्त रूपमा भए पनि उठिरहेको छ ।

तर नेपालको भूराजनीतिक जटिलता र सामरिक संवेदनशीलताका कारण असंलग्न नीतिको विकल्प छैन । कुनै पनि प्रकृतिको प्रतिरक्षा, सैन्य तथा सुरक्षा साझेदारी वा गठबन्धनमा संलग्न हुनु नेपालको राष्ट्रहितको पक्षमा छैन । यसै गरी छिमेकी तथा शक्तिराष्ट्रबीचको सामरिक प्रतिस्पर्धामा नेपाल प्रत्यक्ष वा परोक्ष संलग्न हुनु हुँदैन । यदि असंलग्नताको नीति त्यागेर कुनै पनि आवरणको प्रतिरक्षा, सैन्य तथा सुरक्षा साझेदारी वा गठबन्धनमा संलग्न भयो भने नेपालले महँगो मूल्य चुकाउनुपर्नेछ ।

### तरुल होइन, पुल सिद्धान्त

अन्तर्राष्ट्रिय सम्बन्धका दृष्टिले अठारौं र एक्काइसौं शताब्दीमा मौलिक परिवर्तन आएको छ । अठारौं शताब्दीमा पृथ्वीनारायण शाहले 'दुई ढुंगाबीचको तरुल' भनी प्रयोग गरेको परम्परागत र प्रतिरक्षात्मक मेटाफोर अहिले पनि स्थायी थेगो र मानक हुँदै आएको देखिन्छ । तर, परिवर्तित परिदृश्यमा परम्परागत मेटाफोर जस्तै नेपाल दुई ठूला छिमेकीबीचको तरुल होइन, समृद्ध र विकसित भारत र चीनबीचको पुल हुन सक्ने सम्भावना बढ्दै गएको छ । त्यसैले अन्तर्राष्ट्रिय सम्बन्ध र विदेशनीतिको दृष्टिले नेपाललाई अब तरुल होइन, पुल सिद्धान्तका आधारमा पुनः परिभाषित गर्नुपर्ने उपयुक्त घडी आएको छ ।

भूपरिवेष्टित नेपालको भूराजनीतिक आयामका बारेमा बढी चर्चा हुँदै आएको छ । उदीयमान शक्तिराष्ट्र भएका कारण भारत र चीन भूराजनीतिक तथा सामारिक दृष्टिले नेपालका लागि चुनौतीपूर्ण हुन सक्छन् । नेपाल भूराजनीतिक खेलाडी हुन सक्दैन र त्यो धृष्टता गर्नु पनि हुँदैन । तर विकसित र समुन्नत भारत र चीन आर्थिक दृष्टिले नेपालका लागि अवसर हुन् । नेपालको भूराजनीतिक मात्रै होइन, भूअर्थशास्त्रको आयाम पनि उत्तिकै महत्वपूर्ण छ । त्यसैले नेपालको प्राथमिकता भूराजनीति होइन, भूअर्थशास्त्र हुनुपर्छ । यद्यपि भारत र चीनको आर्थिक विकासबाट नेपालले हालसम्म अपेक्षाकृत लाभ हासिल गर्न सकेको छैन । त्यसैले भूराजनीतिक, सामारिक तथा कूटनीतिक दृष्टिले दुवै छिमेकीसँग सन्तुलन कायम गर्ने तथा उनीहरूको विकासबाट अधिकतम लाभ हासिल गरेर आर्थिक विकास गर्ने नीति नै नेपालको सबैभन्दा उपयुक्त नीति हो । तर नेपाल लामो कालखण्डदेखि राजनीतिक सन्तुलन कायम गर्न चुक्दै आएको देखिन्छ ।

भारत र चीन भनेका विश्वको जनसंख्याको ३५ प्रतिशत, विश्व अर्थतन्त्रको २७ प्रतिशत, विश्व व्यापारको २८ प्रतिशत, विश्वको प्रत्यक्ष वैदेशिक लगानीको १५ प्रतिशत ओगट्ने आर्थिक दृष्टिले अनन्त सम्भावना भएका विशाल साम्राज्य हुन् । यति ठूलो जनसंख्या, अर्थतन्त्र, बजार, व्यापार भएको आर्थिक 'सुपर पावर' सँग जोडिएर दुई देशबीच पुल हुनु नेपालका लागि स्वर्णिम अवसर हो । यदि चीनले सात समुद्रपारि अफ्रिकामा खर्बौं डलर लगानी गर्छ भने छिमेकी नेपालमा किन गर्दैन ? तर नेपालले लगानीमैत्री वातावरण सिर्जना गर्नु उत्तिकै आवश्यक छ । यदि लगानीमैत्री वातावरण सिर्जना भयो भने चीन र भारतले मात्रै होइन, विकसित र समुन्नत सबै देशले लगानी गर्नेछन् र नेपालले आर्थिक विकासका दृष्टिले उल्लेखनीय फड्को मार्नेछ ।

### छिमेकी पहिलो प्राथमिकता

भारत र चीनबीचको भूपरिवेष्टित नेपालले छिमेकीलाई पहिलो प्राथमिकता दिनुपर्छ । यो भूराजनीतिक यथार्थता र बाध्यता मात्रै होइन, भारत र चीन नेपालका प्रमुख विकास साझेदार पनि हुन् । उक्त वास्तविकतालाई आत्मसात् गर्दै छिमेकीलाई पहिलो प्राथमिकता दिँदै आएको छ । कतिपय समय, सन्दर्भ र कालखण्डमा त नेपालको विदेशनीति भनेकै छिमेकी नीतिमा सीमित भएको पनि देखिएको छ । त्यसैले छिमेकीसँगको परम्परागत बहुआयामिक राजनीतिक, कूटनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक, व्यापारिक सम्बन्धलाई पारस्परिक हित, समानता र सम्मानका आधारमा थप घनिष्ठ, आत्मीय र मैत्रीपूर्ण बनाउन आवश्यक छ । भारतसँगको सीमा विवाद तथा भारत र चीनसँगको व्यापार तथा पारवहन सहजीकरण, व्यापार घाटा, विकास साझेदारी, पूर्वाधार विकास लगायतका द्विपक्षीय विषय उच्चस्तरीय कूटनीतिक संवादद्वारा समाधान गर्नुपर्छ ।

छिमेकीलाई पहिलो प्राथमिकता दिए पनि विदेशनीति छिमेकीकेन्द्रित होइन विश्वमुखी हुनुपर्छ । यसैगरी नेपालको बृहत्तर राष्ट्रहितको संरक्षण तथा सार्वभौमिकता र स्वाधीनताको संवर्द्धन गर्दै समुन्नति र आर्थिक विकासका लागि अन्तर्राष्ट्रिय सम्बन्ध, अन्तर्राष्ट्रिय व्यापार र वैदेशिक सहयोगलाई विविधीकरण गर्न विशेष प्राथमिकता दिनुपर्छ । यदि नेपालले अन्तर्राष्ट्रिय सम्बन्ध, व्यापार र वैदेशिक सहयोगलाई विविधीकरण गरेन भने कुन हदसम्मको मूल्य चुकाउनुपर्ने रहेछ भन्ने कटु यथार्थको ज्वलन्त उदाहरण भारतले पटकपटक गरेको नाकाबन्दी हो । त्यसैले भूपरिवेष्टित देशले पाउने व्यापार तथा पारवहन सुविधाको प्रत्याभूति गर्नुका साथै दुवै छिमेकीसँग भएका व्यापार तथा पारवहन सन्धिबाट अधिकतम लाभ हासिल गरी अन्तर्राष्ट्रिय व्यापार र पारवहनलाई विविधीकरण गर्नु भन्दा अर्को उत्तम विकल्प छैन ।

### समुन्नतिका लागि आर्थिक कूटनीति

नेपालको समुन्नति र विकासका लागि आर्थिक कूटनीतिलाई अब विदेशनीतिको आधारभूत स्तम्भका रूपमा परिभाषित गर्नुपर्छ । नेपालको समुन्नति, विकास र पूर्वाधार निर्माणका लागि राष्ट्रिय पुँजी र प्रविधि मात्रै पर्याप्त छैन, वैदेशिक सहयोग, पुँजी र प्रविधि आवश्यक छ । त्यसैले आर्थिक कूटनीतिमार्फत दातृराष्ट्र तथा दातृनिकायँग घनिष्ठ सम्बन्ध बनाई वैदेशिक सहयोग, पुँजी र प्रविधि भित्र्याउन आवश्यक छ । यसरी आर्थिक विकास तथा पूर्वाधार निर्माण गरी समुन्नत नेपाल निर्माण नीतिलाई उच्च प्राथमिकता दिनुपर्छ । निरन्तर बढ्दै गइरहेको व्यापार घाटाले अर्थतन्त्र नै परनिर्भर हुँदै गइरहेकाले व्यापार घाटा न्यूनीकरण गरी आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने नीति थप प्रभावकारी रूपमा लागू गर्नु उपयुक्त हुनेछ ।

हाल दोस्रो र पाँचौं तथा निकट भविष्यमा पहिलो र तेस्रो अर्थतन्त्र हुने चीन र भारतबाट आर्थिक लाभ हासिल गरी आत्मनिर्भर अर्थतन्त्रको विकास अबको विदेशनीतिको उच्च प्राथमिकता हुनुपर्छ । भारत र चीनसँग कनेक्टिभिटी विस्तार गरी निर्बाध व्यापार तथा पारवहन र पारस्परिक हित तथा समान लाभको आधारमा नेपालको प्राकृतिक साधन स्रोतको विकासलाई मूलनीतिका रूपमा स्थापित गर्नुपर्छ ।

२०४८ मा कांग्रेस नेतृत्वमा बनेको सरकारले आर्थिक कूटनीतिलाई विदेशनीतिको प्राथमिकतामा राखेको थियो । कांग्रेसको उदार अर्थनीति तथा आर्थिक कूटनीतिको परिणामस्वरूप वैदेशिक सहयोग भित्र्याएर आर्थिक विकासका दृष्टिले उल्लेखनीय प्रगति गरेको थियो । तर आर्थिक कूटनीति विदेशनीतिको प्राथमिकता भए पनि प्रभावकारी रूपमा कार्यान्वयन गरी हालसम्म पनि नेपालले अपेक्षाकृत आर्थिक लाभ हासिल गर्न सकेको छैन । आर्थिक कूटनीतिमार्फत वैदेशिक सहयोग र लगानी भित्र्याएर विकास गर्न सफल भएका भारत, दक्षिण अफ्रिका, ब्राजिल, सिंगापुर, इन्डोनेसिया, भियतनाम, कम्बोडिया, फिलिपिन्स, मलेसिया, केन्या, रुवान्डालगायतका देशबाट शिक्षा ग्रहण गर्नु श्रेयष्कर हुनेछ ।

सन् २०२६ देखि नेपाल अल्पविकसितबाट विकासशील देशमा स्तरोन्नति हुनेछ । विकासशीलमा स्तरोन्नति भएपछि अल्पविकसितको हैसियतले पाउँदै आएको वैदेशिक सहयोग तथा सुविधापूर्ण अन्तर्राष्ट्रिय व्यापार र बजारको पहुँच क्रमशः कटौती हुँदै जानेछ । हालसम्म वैदेशिक सहयोगमा निर्भर अर्थतन्त्रमा उल्लेखनीय असर पर्नेछ । त्यसैले विकासशीलमा स्तरोन्नति भएपछि दिगो विकास सुनिश्चित गर्न अनुसरण गर्ने विदेशनीति, अर्थनीति तथा वैदेशिक सहायता, व्यापार र लगानीनीति अविलम्ब तय गर्नु आवश्यक छ ।

### ग्रिन र पिस डिप्लोमेसीमा भूमिका

तापक्रम वृद्धि र जलवायु परिवर्तनको कारणले विश्वव्यापी रूपमा सिर्जना भएको वातावरणीय संकट सबैभन्दा जटिल र चुनौतीपूर्ण समस्या हो । जलवायु परिवर्तनका कारण असर पर्ने सबैभन्दा उच्च जोखिमपूर्ण देशमध्ये नेपाल अग्रस्थानमा पर्छ । त्यसैले पर्यावरणीय सन्तुलन कायम गर्न ग्रिन डिप्लोमेसी (हरित कूटनीति) नीति अनुसरण गरी अन्तर्राष्ट्रिय मञ्चमा नेपालले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता छ । तापक्रम वृद्धि तथा हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण गरी वातावरणीय सन्तुलन कायम गर्न अन्तर्राष्ट्रिय मञ्चहरूमा गरिएका निर्णय कार्यान्वयन गर्न पनि नेपालले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्छ । तापक्रम वृद्धि र जलवायु परिवर्तनका लागि जिम्मेवार विश्वको कुल हरित गृह ग्यास उत्सर्जनमा नेपालको भूमिका नगण्य (०.०५ प्रतिशतभन्दा कम) भएका कारण ग्रिन डिप्लोमेसीमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने नैतिक हैसियतसमेत नेपालसँग छ ।

संयुक्त राष्ट्रसंघमार्फत द्वन्द्व समाधान गरी विश्वशान्ति स्थापना गर्ने दृष्टिले नेपालले उल्लेखनीय योगदान गर्दै आएको छ । विश्वशान्ति स्थापनाका लागि नेपालले गरेको योगदानको राष्ट्रसंघलगायत अन्तर्राष्ट्रिय समुदायले मुक्तकण्ठले प्रशंसा गर्दै आएका छन् । विश्वशान्तिमा पुऱ्याएको योगदानकै कारण सन् १९६९ र सन् १९८८ मा नेपाल दुई पटक सुरक्षा परिषद्को अस्थायी सदस्य हुने अवसरसमेत पाएको थियो । यो नेपालको महत्त्वपूर्ण कूटनीतिक उपलब्धि मात्रै होइन, यसले अन्तर्राष्ट्रिय गरिमा र प्रतिष्ठासमेत अभिवृद्धि गरेको छ ।

यसैगरी एक दशक लामो आन्तरिक सशस्त्र द्वन्द्व समाधान गरी दिगो शान्ति स्थापना गर्न पनि नेपाल सफल भएको छ । तेस्रो पक्षको मध्यस्थता तथा सहजीकरणबिना नेपाल आफैंले द्वन्द्व समाधान गरी शान्ति स्थापना गरेकामा अन्तर्राष्ट्रिय समुदायले पनि प्रशंसा गरेका छन् । आन्तरिक दिगो शान्तिदेखि विश्वशान्तिसम्म नेपालले गरेको योगदानका आधारमा शान्तिका अग्रदूत बुद्धको जन्मभूमि नेपालले पिस डिप्लोमेसी (शान्ति कूटनीति) मा पनि नेतृत्वदायी भूमिका निर्वाह गर्ने नैतिक हैसियत स्थापित भएको छ । नेपालले सैन्य, आर्थिक जस्ता 'हार्ड पावर' को क्षेत्रमा भूमिका निर्वाह गर्न सक्दैन । भौगोलिक दृष्टिले साना भए पनि स्वीट्जरल्यान्ड, नर्वे लगायतका देशहरूले द्वन्द्व समाधान तथा शान्ति प्रक्रियाको क्षेत्रमा गरे जस्तै नेपालले पिस डिप्लोमेसीको क्षेत्रमा अन्तर्राष्ट्रिय मञ्चमा प्रभावकारी भूमिका निर्वाह गर्न सक्छ । ग्रिन र पिस डिप्लोमेसी नेपालको कूटनीति र 'सफ्ट पावर' को दृष्टिले सबैभन्दा प्रभावकारी अस्त्र हुन सक्छन् । त्यसैले यो वास्तविकतालाई समेत आत्मसात् गर्दै नेपालले उपयुक्त नीति र कूटनीति अख्तियार गर्नु आवश्यक छ ।

### राष्ट्रिय सहमतिको दस्ताबेज

२०७७ मा सरकारले पहिलो लिखित विदेशनीति जारी गऱ्यो । तर उक्त नीति निर्माणको क्रममा पार्टी र सरोकारवालासँग छलफल र परामर्श गरी लोकतान्त्रिक, पारदर्शी र सहभागितामूलक प्रक्रिया अनुसरण गरिएन । त्यसैले पहिलो लिखित विदेशनीति पनि विवादित भयो । उक्त वास्तविकताबाट शिक्षा लिएर पूर्वउल्लेखित मूलभूत सिद्धान्तका आधारमा स्पष्ट नीति, रणनीति र कार्ययोजना सहितको विस्तृत दस्ताबेज मस्यौदा गर्नुपर्छ । संसद्मा प्रतिनिधित्व गर्ने सबै पार्टी र सरोकारवालासँग समेत व्यापक छलफल र परामर्श गरी राष्ट्रिय सहमतिका आधारमा जारी गर्नुपर्छ ।

राष्ट्रहितको संरक्षण गर्ने विदेशनीति जस्तो महत्त्वपूर्ण नीति केवल सरकार र सत्तारूढ दलको मात्रै होइन, राष्ट्रिय सहमतिसहितको दीर्घकालीन नीतिगत दस्ताबेज हुनुपर्छ । यसैगरी राष्ट्रहितलाई स्पष्ट व्याख्या गरी ठोस नीति र प्राथमिकता तय गर्दै विदेशनीतिलाई हरेक पाँच वर्षमा अनिवार्य रूपमा अद्यावधिक र परिमार्जन गरिनुपर्छ । सरकार परिवर्तन भए पनि सरकारले विदेशनीतिका तत्कालीन र अल्पकालीन प्राथमिकता परिवर्तन गर्न सक्छ । तर सरकारपिच्छे विदेशनीति नै परिवर्तन गर्ने दुर्भाग्यपूर्ण प्रवृत्तिको अविलम्ब अन्त्य गर्नुपर्छ । राष्ट्रिय सहमतिको दस्ताबेजले नै देशको अखण्डता, सार्वभौमिकता, स्वाधीनता, राष्ट्रहित, राष्ट्रिय स्वार्थ, राष्ट्रिय सुरक्षा जस्ता अहम् सवालहरूको संरक्षण र संवर्द्धन गर्नेछ ।

*(साभार: ई-कान्तिपुर)*

# गृहमन्त्रीको प्रतिशोध र बदनियत मिसिएको एउटा गिरफ्तारी



काठमाडौं/कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहिया नागरिकतासम्बन्धी एक उजुरीका आधारमा मंगलबार पक्राउ परेका छन् । नागरिकतामाथि उठेका प्रश्न, उनको प्रतिरक्षा अनि उपलब्ध तथ्य प्रमाण मेल खान्छन् या खाँदैनन् भन्नेबारे प्रक्रियासम्मत छानबिन होला नै, तर सहकारी संस्थाहरुको बचत अपचलनमा गृहमन्त्री रवि लामिछाने मुछिएकोबारे शृंखलाबद्ध रिपोर्टिङ हुन्थेन भने कान्तिपुर प्रकाशक सिरोहियाविरुद्ध नागरिकताको उजुरी पर्थ्यो कि पर्थेन होला भनी आशंका गर्ने ठाउँ भेटिएका छन् ।

यस आशंकालाई सबैभन्दा ठूलो बल दिन्छ, उनका विरुद्ध परेको उजुरी र त्यसको पृष्ठभूमिले । जिल्ला प्रहरी कार्यालय धनुषामा परेको उजुरी, त्यस आधारमा प्रहरीलाई जिल्ला अदालत धनुषाले दिएको पक्राउ पुर्जीका आधारमा सिरोहिया पक्राउ गरिएका हुन् । उनको नागरिकताबारे उजुरी दिने इन्द्रजित महतो गृहमन्त्री लामिछाने सभापति रहेको दल राष्ट्रिय स्वतन्त्र पार्टी मधेस प्रदेश कार्यसमितिका सदस्य हुन् ।

महतो पार्टी उपसभापति डिपी अर्याल मन्त्री रहेको श्रममन्त्रालयलाई सघाउने टिमका सदस्य पनि छन् । रास्वपा मधेश प्रदेशका महामन्त्री मनिष साहले हस्ताक्षर गरेको पत्रमा उक्त जानकारी दिइएको छ । सर्लाहीका महतोले पछिल्लो उपचुनावका लागि तयार गरिएका प्रचार सामग्रीहरु, अनि पार्टीका विभिन्न गतिविधि पनि आफ्नो सामाजिक सञ्जालबाट प्रचारप्रसार गरेका छन् ।

सिरोहियासँग दोहोरो नागरिकता रहेको भन्दै महतोले १६ वैशाखमा धनुषा प्रहरीमा जाहेरी दिएका थिए । जाहेरीमा सिरोहियाले फरक-फरक नम्बरका नागरिकताहरु प्रयोग गरिरहेको भन्दै नागरिकता ऐन, २०६३ अनुसारको कसुरमा छानबिन गर्न माग गरिएको थियो ।

सिरोहियाले भने कानुनअनुसार हुने हरेक अनुसन्धानमा सम्पूर्ण सहयोग गर्न तयार रहे पनि राज्यशक्तिको दुरुपयोग गरेर आफूसँग प्रतिशोध साँध्न खोजेको भन्दै आपत्ति जनाएका छन् ।

मिडियाकर्म हुँदै राजनीतिमा होमिएका लामिछानेका नागरिकता तथा राहदानी प्रकरणबारे विगतमा मिडियाले नै खुलासा गरेको थियो । उनले मन्त्री तथा सांसद पद गुमाएका थिए ।

पोहोर वैशाखको उपचुनावपछि फेरि ठूलो मतले निर्वाचित भएसँगै उनले विगतमा सन्चारकर्मीबारे दिएका उत्तेजनापूर्ण अभिव्यक्तिबारे माफी मागेका थिए । तर दुई दिनअघि, अर्थात् आइतबार लामिछानेले संसदमा बोल्ने क्रममा पूरानै शैली दोहोऱ्याएका थिए ।

त्यसभन्दा पहिले तीन दिनअघिको परिदृश्य सम्झौं ।

शनिबार बिहान प्रधानमन्त्री प्रचण्ड कान्तिपुर परिसर थापाथलीमा हाफ म्याराथनको उद्घाटन गर्न डमी पेस्तोल लिएर उभिएका थिए । म्याराथनको औपचारिक घोषणा गर्नुअघि छोटो भाषण गर्दै उनले हस्यौली गरेका थिए, 'म पोहोर पनि हाफ म्याराथनको उद्घाटन गर्न आएको थिएँ । त्यस बेला पेस्तोल पड्किँदै पड्केन । हेरौं है, आज पड्किन्छ कि ?'

उनले ट्रिगर दबाए । त्यो डमी पेस्तोल पहिलो प्रयासमै पड्कियो । म्याराथन धावकहरु प्रतिष्पर्धामा दगुरे । प्रचण्ड कालो चिया पिएर कान्तिपुरबाट फर्के । त्यतिबेलासम्म सरकार र कान्तिपुरको 'सम्बन्ध' सबै ठिकठाक देखिन्थ्यो ।

भोलिपल्ट साँझ संसदमा प्रचण्ड मन्त्रिपरिषद्का गृहमन्त्री लामिछानेले कान्तिपुर लगायत मूलधारका मिडियाको नाम नलिई सहकारी प्रकरणमा आफूलाई तेजोबध गर्न खोजिएको भन्दै आक्रोश पोखे । उनले पटक-पटक एउटै प्रसंग दोहोऱ्याउँदै भने, 'म मिडिया मिलाउन सक्दिनँ ।' मिडिया मिलाउने भन्नुको अर्थ खुलाउनतर्फ नलागी उनले आफूमाथि नियोजित प्रहार भइरहेको दाबी गरिराखे ।

लामिछानेले प्रमुख प्रतिपक्षी कांग्रेसका पदाधिकारी र सांसदहरुबारे नाम नकिटी थुप्रै अपुष्ट दाबीहरु गरे । सहकारीको रकम अपचलनमा आफू जोडिएका तथ्यबारे ठोस जवाफ दिन सकेनन्, बरु आफूमाथि मिडियाले प्रतिशोध साँधेको जिकिर दोहोऱ्याउँदै जवाफदेहीबाट पन्छिए ।

दुई दिनपछि त्यसको क्रिया-प्रतिक्रिया पुनः थापाथलीमा उत्पन्न भयो ।

मंगलबार दिउँसो कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष सिरोहियालाई पक्राउ गर्न प्रहरी थापाथलीस्थित सेन्ट्रल बिजनेस पार्क पुगेको थियो । नयाँ बानेश्वरस्थित संसदमा रहेका प्रधानमन्त्री प्रचण्ड यो खबर सुनेर झस्केको, तुरुन्तै गृहमन्त्री लामिछानेलाई खोजेको उनको सचिवालयले दाबी गऱ्यो । अहिले तत्काल सिरोहियालाई पक्राउ नगर्न प्रधानमन्त्रीले लामिछानेलाई भनेको प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यले दाबी गरे ।

'सिरोहियाजीको विषयमा प्रधानमन्त्रीज्यूलाई अनावश्यक रुपमा जोड्न थालिएपछि मैले उहाँलाई सोधें, उहाँले गृहमन्त्रीलाई अहिले समातन हुन्न भनेको सुनाउनुभयो', आचार्यले भने, 'अदालतमा न्यायाधीशले दिएको आदेश प्रहरीले कार्यान्वयन गर्न लागेको भनेपछि न्यायपालिकाको विषयमा कार्यपालिकाले बोल्न मिलेन ।'

प्रधानमन्त्रीको सचिवालयले उक्त दाबी गर्दागर्दै पनि प्रतिपक्षीहरुले प्रधानमन्त्री प्रचण्ड र सत्ता गठबन्धनका प्रमुख नेता एमाले अध्यक्ष केपी ओलीसँग परामर्श बेगर गृहमन्त्री एक्लै अघि बढे होलान् भनी विश्वास गर्न नसकिने जिकिर गरेका छन् । संचारकर्मीसँग कुरा गर्दै कांग्रेसका एक पदाधिकारीले लामिछानेसँग एक्लै यो सबै गर्ने क्षमता नरहेको दाबी गरे ।

कांग्रेस प्रमुख सचेतक र मेश लेखकले आग्रह पूर्वाग्रहपूर्वक सिरोहियालाई गिरफ्तार गरेको संकेत मिलेको बताएका छन् । संसद परिसरमा सञ्चारकर्मीसँग बोल्दै लेखकले नियोजित रुपमा नियत राखेर सरकार अघि बढेको देखिएको विचार राखे ।

कान्तिपुर लगायत प्रमुख सञ्चारमाध्यमले सहकारी ठगी प्रकरणमा गृहमन्त्री लामिछाने स्वयं संलग्न रहँदै आएको भनी शृंखलाबद्ध रिपोर्टिङ गर्दै आएका थिए । लामिछानेले सत्ताशक्तिको आडमा प्रतिशोधपूर्ण ढंगले सिरोहियाको पक्राउ गर्ने स्थिति सिर्जना गरेको कान्तिपुरका अध्यक्ष सिरोहियाले आरोप लगाएका छन् ।

नागरिकतासम्बन्धी कसुरमा अनुसन्धानका लागि सिरोहियालाई पक्राउ गर्न जिल्ला अदालत, धनुषाले मंगलबार अनुमति दिएको थियो ।

सिरोहियाले सत्ता र शक्तिको दुरुपयोग गरेर विगतमा पनि राज्यको हस्तक्षेप हुँदा आफू जेल गएको भन्दै यसपल्ट पनि पछि नहट्ने जिकिर गरे । सहकारीका ७१ लाख सदस्य तथा बचतकर्ताको पसिनाको कमाइ सुरक्षित गर्न यसमा ठगी गर्नेहरूमाथि अनुसन्धान र कारबाही हुनुपर्ने आवाज उठाउनु कुनै पनि सञ्चारमाध्यमको जिम्मेवारी भन्दै आफू त्यस कर्तव्यबाट पछि नहट्ने उनको अडान थियो ।

सिरोहियाको गिरफ्तारी नितान्त उनको व्यक्तिगत मामिलासँग सम्बन्धित रहेको, नागरिकताजस्तो संवेदनशील कुरालाई प्रेस स्वतन्त्रता र उनको संस्थासँग जोड्न नहुने भन्दै राज्य पक्षले स्पष्ट गर्न खोजेको छ । तर छानबिन र अनुसन्धानका लागि उनीलाई बोलाउन, उनीबारे थप अनुसन्धान अघि बढाउन सम्भव हुँदाहुँदै किन गिरफ्तारीकै बाटो अवलम्बन गर्न राज्य पक्ष तयार भयो भन्ने प्रश्न यति बेला उठेको छ ।

प्रहरी उच्च स्रोतका अनुसार, उपप्रधान एवं गृहमन्त्री लामिछानेले सुरुमा सिरोहियालाई पक्राउ गर्न केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) को टोली खटाएका थिए । ब्यूरोलाई देशभरका घटनामा अनुसन्धान गर्ने क्षेत्राधिकार भएकाले ब्यूरोमार्फत नियन्त्रणमा लिएर धनुषा पठाउने तयारी थियो ।

तर, पछिल्लो समय गृहमन्त्रीको इसारामा सीआईबी प्रयोग हुन थालेको आरोप लागिरहेका बेला ब्यूरोमार्फत पक्राउ गर्दा थप विवाद निस्किन सक्ने आँकलनपछि उपत्यका अपराध अनुसन्धान कार्यालयलाई सिरोहिया पक्राउ गर्ने जिम्मेवारी दिइएको थियो ।

त्यसपछि कार्यालयका प्रमुख एसएसपी सानुराम भट्टराई, एसपी रवीन्द्र रेग्मीसहितको टोली थापाथलीस्थित कान्तिपुर कार्यालय पुगेको थियो ।

'जिल्ला प्रहरी कार्यालय, धनुषाले पक्राउ गरेर पठाइदिन भन्दै काठमाडौं प्रहरीलाई पत्र लेखेको थियो, त्यसपछि अपराध अनुसन्धान कार्यालयका एसएसपी सा'बको नेतृत्वमा टोली गएको हो', उपत्यका प्रहरी प्रमुख एआईजी दिपक थापाले भने, 'उहाँलाई मंगलबार साँझ नै धनुषा पठाइएको छ ।'

केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) का पूर्वनिर्देशक हेमन्त मल्ल ठकुरीका अनुसार, सामान्यतः प्रहरीले ५ वटा अवस्थामा कुनै व्यक्तिलाई पक्राउ गर्छ ।

व्यक्ति भाग्ने सम्भावना भए, मुद्दासँग सम्बन्धित प्रमाणहरु नष्ट गर्ने सम्भावना भए वा साक्षी वा अनुसन्धानसँग जोडिएका व्यक्तिहरुलाई दबाब, प्रभावमा पार्ने स्थिति देखिए तत्काल पक्राउ गरेर अनुसन्धान गर्ने हो ।

'तर यो घटनामा प्रहरीले आवश्यक प्रमाणहरु संकलन गरिसकेको स्थितिमा अनुसन्धानलाई प्रभाव पर्ने विषय थिएन', मल्ल भन्छन्, 'यस्तोमा उहाँलाई बाहिरै राखेर पनि अनुसन्धान गर्न सकिन्थ्यो ।'

फौजदारी न्यायको सिद्धान्त पनि पहिले सुन्ने अनि थुन्ने भन्ने हो । सिरोहियाले पनि राज्य संयन्त्रले गर्ने अनुसन्धानमा आफूले सहयोग गर्ने सार्वजनिक रुपमै बताइसकेका थिए । तर, प्रहरी प्रशासन उनको कुरा सुन्नेभन्दा पक्राउ गर्नतर्फ नै बढी उद्दत भएको देखिन्छ । १६ वैशाखमा प्रहरीकहाँ जाहेरी परेपछि सिरोहियाले आफूमाथि धरपकड हुन सक्ने भन्दै सर्वोच्च अदालतमा प्रतिषेधको रिट दायर गरेका थिए ।

रिटमा उनले आफू आबद्ध रहेको प्रकाशन तथा प्रशारण गृहबाट गृहमन्त्री लामिछानेको दोहोरो राहदानी तथा नागरिकताको प्रमाण पत्र लगायतका विषयमा प्रकाशित समाचारहरुका कारण आफूप्रति दुराग्रह र द्वेषपूर्ण भावना राखेर जाहेरी दर्ता गरिएको जिकिर गरेका थिए ।

उक्त रिटमा सुनुवाइ गर्दै २५ वैशाखमा सर्वोच्च अदालतले गृह मन्त्रालयसँग सिरोहियामाथि अनुसन्धान गर्नुपर्ने कारण मागेको थियो । मन्त्रालयले हालसम्म लिखित जवाफ पेश गरिसकेको छैन ।

'कारण देखाउ आदेश जारी भएको अवस्थामा हतार गरेर पक्राउ गर्नुले उपप्रधान एवं गृहमन्त्रीमा निजी प्रतिशोधको भावना छ कि भन्ने देखाएको छ', फौजदारी कानूनका जानकार वरिष्ठ अधिवक्ता सतिशकृष्ण खरेल भन्छन्, 'अनुसन्धानलाई प्रभाव पार्ने स्थिति छैन भने बाहिरै राखेर बयान गराउन सकिन्थ्यो ।'

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि ९९ प्रतिशत घटनामा थुनामा नराखी अनुसन्धान गरिरहेको हुने उदाहरण दिँदै खरेल भन्छन्, 'आखिर पक्राउ गर्नुपर्ने व्यवस्था त उही हो नि !'

नेपाल प्रहरीका अर्का एक पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) भने अंगीकृत बुबा घाँसीरामको छोरा कैलाशको नागरिकता वंशजको जारी भएको विषय भए त्यसमा जारी गर्नेको त्रुटि हुने बताउँछन् ।

'त्यो कसले गऱ्यो भन्ने खोज्नुपर्ने विषय हो, त्यतिबेलाको अभिलेख व्यवस्था प्रणाली ठिक नहुँदाको विषय हो कि भन्ने पनि हेर्नुपर्ने विषय थियो', उनी भन्छन्, 'यसमा अनुसन्धानको दायरामा ल्याउनुपर्ने थुप्रै विषयहरु भए पनि गृहमन्त्रीका विषयमा समाचारमा लेखिएका विषयहरुले पनि उहाँको गिरफ्तारीलाई ट्रिगर गरेजस्तो देखिन्छ ।'

उनको बुझाइमा, सिरोहिया नेपाली नागरिक नै नभएको भए बेग्लै विषय हुनसक्थ्यो । तर, नेपालमा जन्मिएका नागरिक हुन् भन्नेमा विवाद नभएको अवस्थामा बाँकी विषयहरु प्राविधिक मात्र हुने उनी बताउँछन् ।

सिरोहियालाई पक्राउ गरेर धनुषा लगिँदै गर्दा कान्तिपुर परिसरमा प्रेससँग सम्बन्धित सरोकारवालाहरुको बाक्लो उपस्थिति थियो । कतिपय राजनीतिक नेता कार्यकर्ता समेत त्यहाँ पुगेका थिए ।

*(स्रोतः अनलाइनखबर)*

# मन्त्रीहरुसँग उपहार र दाइजोका सुनचाँदी

काठमाडौं/मंगलबार प्रधानमन्त्री र मन्त्रीहरुको सम्पत्ति विवरण सार्वजनिक भयो । सरकार गठन भएको १६ महिनामा १८ पटक मन्त्रिपरिषद् पुनर्गठन गर्दा पहिलो पटक मन्त्रीहरुको सम्पत्ति विवरण सार्वजनिक भएको हो ।

मन्त्रीहरुको सम्पत्ति विवरणमा घरजग्गा, बैंक मौज्दात, सुनचाँदी, शेयर, गाडी र अन्य जायजेथाको विवरण छन् । धेरैजसो मन्त्रीहरुले सम्पत्ति स्वआर्जन नभई पैतृक भएको दाबी गरेका छन् ।

नगद आयलाई तलब भनेका छन् भने सुनचाँदी उपचार र दाइजो भनेका छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफैंले २०७३ सालमा प्रधानमन्त्री हुँदा १ कठ्ठा मात्रै पैतृक जग्गा देखाएकामा अहिले १५ कठ्ठाको अर्को कित्ता पनि पैतृक जमिनका रुपमा उल्लेख गरेका छन् । त्यतिबेला ३ तोला मात्रै पैतृक सुन भएको विवरण सार्वजनिक गरेका उनले यसपटक ५ तोला भएको उल्लेख गरेका छन् ।

मन्त्रीहरुको सम्पत्ति विवरणमा उल्लेख भएको सुनको परिमाण र स्रोत भने अरुभन्दा रोचक छ । उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले पत्नी निकिता पौडेलसँग ८० तोला सुन रहेको पनि खुलाएका छन् । त्यसको स्रोत भने अधिकांश बुबाआमाले दिएको र केही खरिद गरेको उल्लेख गरिएको छ । त्यस्तै, १५/२० किलोग्राम चाँदी रहेको भनिएको छ । त्यो २५० देखि ३०० प्रति तोला भएको बेला खरिद गरेको सम्पत्ति विवरणमा खुलाएका छन् ।

यसैगरी उपप्रधान तथा भौतिक पूर्वाधार मन्त्री रघुवीर महासेठसँग ४५ तोला सुन र डेढ केजी चाँदी छ । सम्पत्ति विवरण अनुसार महासेठसँग जवाहरतका रुपमा ७ थान औंठी, ३ थान हार, ३ थान कानमा लगाउने गहाना र २ जोडा दुई जोडा चुरा समेत छ । यो सबै सम्पत्ति पैतृक, खरिद र उपहारका रुपमा आएको उनको विवरणमा उल्लेख छ । ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले पनि ५ तोला सुन रहेको र यसको स्रोत पैतृक नै भएको उल्लेख गरेका छन् । संघीय मामिला तथा समान्य प्रशासनमन्त्री भानुभक्त जोशीले पनि ९० तोला सुन रहेको उल्लेख गरेका छन् । यसको स्रो पैतृक, उपहार र दाइजो भएको विवरणमा उल्लेख छ ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङले ६ तोला सुन र ८ तोला चाँदी रहेको विवरण्मा उल्लेख गरेका छन् । तर, यो सुनचाँदी तलब भत्तबाट खरिद गरिएको उल्लेख छ ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सुनचाँदी पैतृक र उपहारकै स्रोत भएको उल्लेख गरेकी छिन् । उनीसँग ६ तोला सुन र २ तोला चाँदी छ । कानुन, न्याय तथा संसदीय मामिला मन्त्री पदम गिरीको स्वामित्वमा २३ तोला सुन छ । उनले पनि सम्पत्ति विवरणमा सो सुनको स्रोत पैतृक नै उल्लेख गरेका छन् । कृषि तथा पशुपंक्षी विकासमन्त्री ज्वलाकुमारी साहसँग १० तोला सुन र २५ तोला चाँदी छ । त्यसको स्रोत पुख्यौंली भएको उनको सम्पत्ति विवरणमा उल्लेख छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# वृद्ध बनेका पलको प्रहरीसँग मुठभेडको रहस्य के हो ?



काठमाडौं/चकलेटी अभिनेताको रुपमा चिनिएका पल शाह प्रायः फिल्ममा सुकिलोमुकिलो पात्र र हिरोइनको वरिपरि घुम्ने चरित्रमा देखिन्छन् । यसैले उनको छवि लभर ब्वाईको रुपमा बनेको छ । चरित्रमा विविधता पस्किन नसकेको आरोप खेपिरहेका उनलाई फिल्म 'पूजार सार्की'ले भने नयाँ पहिचान दिलाउन सक्ने देखिन्छ । किनकि, यसमा उनले करिअरमै पहिलोपटक भिन्न चरित्र निर्वाह गरेका छन् ।

फिल्ममा उनको जातीय विभेदविरुद्ध संघर्ष गर्ने चरित्र छ । यसअघि सार्वजनिक भैसकेका टिजर र ट्रेलर हेर्दा उनको चरित्र विद्रोही स्वभावको देखिन्छ । बन्दुक भरेका उनको लुक्स र गेटअप ९० दशकको छ । उनको लुक्सले फिल्मप्रति दर्शकको चासो र पखाई बढाइरहेको अवस्थामा मंगलबार सार्वजनिक दुईवटा तस्वीरले 'सरप्राइज' बनाउन सक्छ । उक्त तस्वीरमा उनी वृद्ध लुक्समा छन् ।

पलले सामाजिक सञ्जालमा सार्वजनिक गरेको तस्वीरमा उनको कपाल र दाह्री सेतै फुलेको छ । आँखामा चश्मा छ । शिरमा ढाका टोपी र स्टकोट लगाएका उनलाई प्रहरीहरुले समातेका छन् । र, प्रहरीसँग उनको ठेलमठेल चलिरहेको छ । यो कुनै आन्दोलनको दृश्य देखिन्छ । टिजर र ट्रेलरमा युवा अवस्था देखिएका उनलाई फिल्ममा वृद्ध अवस्थामा पनि देख्न सकिने यी तस्वीरले बुझाउँछ ।

पलले प्रहरीसँग मुठभेडको तस्वीर सेअर गर्दै लेखेका छन्, 'मेरो करिअरमा महत्त्वपूर्ण फिल्म 'पूजार सार्की' सावित हुनेमा ढुक्क छु । आज मैले फिल्ममा मेरो अभिनयबाट यो तस्वीर सार्वजनिक गरेको छु । यसबाट तपाईंहरुले फिल्ममा मेरो भूमिका कति गहन र अर्थपूर्ण छ भनेर अनुमान लगाउनु हुन्छ । यसअघि पनि मेरो चरित्रचित्रण हुने तस्वीरलाई लिएर देखाउनुभएको प्रेम अतुलनीय छ ।'

यही बिहीबार (बुद्ध जयन्ती)बाट सार्वजनिक प्रदर्शनमा आउन लागेको फिल्ममा पलका साथै आर्यन सिग्देल, प्रदीप खड्का, अञ्जना बराइली र परीक्षा लिम्बू पनि मुख्य भूमिकामा छन् । दिनेश राउतको निर्देशन र विकास सुवेदीको लेखन रहेको 'पूजार सार्की'लाई संगीतकार सुभाष भुसालले निर्माण गरेका हुन् । सोमबारबाट फिल्मको मल्टीप्लेक्सहरुमा एड्भान्स बुकिङ समेत खुलिसकेको छ ।

*(स्रोतः फिल्मीखबर)*

# 'एक्लो'मा प्रदीपसँग देखिँदै बेलायती अभिनेता जेमी



काठमाडौं/अभिनेता प्रदीप खड्काको नयाँ फिलम 'एक्लो'मा बेलायती अभिनेता जेमी बेकनले पनि अभिनय गर्ने भएका छन् । लोकप्रिय अंग्रेजी अनलाइन डेडलाइनले फिल्ममा जेमी अनुबन्धित भएको उल्लेख गरेको छ । उनी आफैंले पनि यो समाचारको 'स्क्रिनसट' आफ्नो इन्स्टाग्राममा पोस्ट्याएका छन् । उनी नेटफ्लिक्स सिरिज 'व्हाइट लाइन्स' र फिल्म 'ब्राइटन'मा गरेको अभिनयका कारण चिनिन्छन् ।

जेमी स्क्रिप्ट राइटर समेत हुन् । 'इनटू द मिरर' र 'द फिस इज मी' गरी दुई फिल्मको स्क्रिप्ट लेखेका उनले 'द होर्डर', बीबीसी ड्रामा 'फादर ब्राउन'मा पनि अभिनय गरेका छन् । 'एक्लो'का निर्देशक प्रदीप शाहीले फिल्ममा जेमीको अभिनय रहने जानकारी गराउन पाउँदा गर्व महसुस भएको जनाएका छन् । 'फिल्ममा उनको प्रतिभा र उपस्थिति पाउनु हामी भाग्यशाली छौं,' उनले भनेका छन् ।

यो फिल्मले सन् २०३० सम्म एक घातक भाइरल महामारीका कारण मानिसले पृथ्वी ग्रह छोड्न बाध्य भएको कथा भन्नेछ । त्यसको ६० वर्षपछि ब्रिटिस अन्तरिक्ष यात्री (बेकन) आफ्नो टोलीसहित हिमालय क्षेत्रमा ल्यान्डिङ गर्छन् । र, पहाडहरुबीचको एक गुफामा लुकेको शहर पत्ता लगाउँछन्, जहाँ तिनीहरुले रहस्यमय व्यक्ति (प्रदीप) सँग भेट्छन्, जो हिमालय क्षेत्रको पौराणिक संरक्षक हो ।

फिल्ममा प्रदीप र जेमीसहित बेनिशा हमाल, सुनिल थापा, विजय लामा, दीया पुन, कविता नेपाली, एवनराज उप्रेती लगायतको पनि अभिनय रहनेछ । सन् २०२५ मा रिलिजको लक्ष्य राखिएको फिल्मका कार्यकारी निर्माता क्षितिज सुवेदी खत्री हुन् । फिल्मका लागि यतिबेला नेपालमै पहिलोपटक अन्तरिक्ष 'रकेट सुट'को निर्माण भइरहेको छ । सम्भवतः आगामी साउनपछि छायांकन सुरु हुनेछ ।

नेपाल सरकार
बागमती प्रदेश सरकार
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
हेटौंडा, मकवानपुर

**मनहरी गाउँपालिका वडा न ५ र ९ जोड्ने राप्ती खोलामा रजैया-दरदरा मोटरेबल पुल (२५६ मि.) निर्माण कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीका लागि**

**सार्वजनिक सुनुवाई कार्यक्रमबारे सूचना**

*(प्रकाशित मिति : २०८१/०२/०९)*

बागमती प्रदेश (मकवानपुर जिल्ला) मा यातायात पूर्वाधार निर्देशनालय, पूर्वाधार विकास कार्यालय, चितवनद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | | |
|---|---|---|
| प्रस्तावकको नाम र ठेगाना | बागमती प्रदेश सरकार<br>भौतिक पूर्वाधार विकास मन्त्रालय<br>यातायात पूर्वाधार निर्देशनालय<br>पूर्वाधार विकास कार्यालय<br>भरतपुर, चितवन<br>ईमेल: idochitwan@bagamati.gov.np फोन नम्बर: ०५६-५२७८२० | |
| परामर्शदाता | हिमालयन रिसर्च फोरम नेपाल प्रा.लि., मैतीदेवी ३०, काठमाडौं | |
| प्रस्तावको व्यहोरा | मनहरी गाउँपालिका वडा न ५ र ९ जोड्ने राप्ती खोलामा रजैया-दरदरा मोटरेबल पुल (२५६ मि.) निर्माण कार्य<br>पुलले जोड्ने सडक: रजैया भएर डिल्लीपुर-हेटौडा जोडिने (स्थानीय सडक) | |
| | पुलको कुल लम्बाई: २५६ मि.<br>पुलको चौडाई: ८.४ मि.<br>फुटपाथ: १ मि. | Span arrangement : ६x४० मि.,<br>Carriageway : ६ मि.<br>Kerb : १.२ मि. |
| प्रभावित गाउँपालिका | मनहरी गाउँपालिकाको वडा नं. ५ र ९ | |

वातावरण संरक्षण ऐन २०७६ को दफा ३ को उप-दफा ५ को प्रयोजन मुताबिक, माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो प्रस्तावको बारेमा सार्वजनिक सुनुवाई आयोजना गरी राय सुझाव संकलन गर्न आवश्यक रहेकोले स्थानीय समुदाय, स्थानीय तहका प्रतिनिधि, वन उपभोक्ता समूहका प्रतिनिधि र सम्पूर्ण सरोकारवाला निकायमा देहाय बमोजिम स्थान र समयमा उपस्थितिको लागि सूचना प्रकाशित गरिएको छ ।

**सार्वजनिक सुनुवाई सम्बन्धी कार्यक्रम:**
**मिति:** २०८१/०२/१६
**समय:** बिहान ११:३०
**स्थान:** अग्नि होत्र आश्रम हल, मनहरी ९, रजैया

# हेटौंडा खानेपानी व्यावस्थापन बोर्ड ११ वर्षमा



साझाकुरा संवाददाता

हेटौंडा, ८ जेठ/हेटौंडा खानेपानी व्यावस्थापन बोर्डको ११ औं वार्षिकोत्सब भएको छ । कार्यक्रमको हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले बिरुवा रोपेर उद्घाटन् गरिन् । खानेपानी बोर्ड आज ११ वर्ष पुगेको अवसरमा कार्यक्रम गरिएको हो ।

कार्यक्रममा खानेपानी बोर्डका सदस्य इन्द्रप्रसाद नेपालले बोर्डमा आएपछि गरिएका कामको विवरण जानकारी गराएका थिए । खानेपानी व्यावस्थापन बोर्डका अध्यक्ष प्रताप विष्टको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगर पालिका उपप्रमुख राजेश बानियाँ, हेटौंडा-२ का वडाअध्यक्ष बिष्णुगोपाल महर्जनलगायतको आतिथ्यता रहेको थियो । कार्यक्रममा बोर्डले बिभिन्न क्षेत्रका व्यक्तित्वलाई सम्मान गरेको छ ।

बोर्डको ११ औं वार्षिककोत्सवमा बोर्डबाट प्रदान गरिने सेवाप्रवाहलाई डिजिटलाइजेशन गर्न सहयोग गर्ने श्यामकल श्रेष्ठ, पाइनलाइन लिकेज र बोर्डसँग सम्बन्धित अन्य सूचना प्रदान तथा सारोकारवालाबीच सौहार्दपूर्ण वातावरण तयार गर्न सहयोग गर्ने व्यक्तित्व शिबबहादुर थापा, भीमसेन पौडेल, राजु अधिकारीलाई सम्मान गरिएको छ ।

यसैगरी बोर्डबाट बितरण गरिने खानेपानीको अधिक उपभोग गर्ने तथा नियमित महशुल रकम भुक्तानी गर्ने उपभोक्ता मोटल एभोकाडो अकिर्ड रिसोर्ट प्रालि, पुष्पा घिमिरे, कृष्णप्रसाद दंगाल, वलभद्र राना, भवनाथ लामिछाने सम्मानित भएका छन् । यसैगरी उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई नगद सहित प्रशंसापत्र प्रदान गरिएको थियो । कार्यालयतर्फ अनिल सुबेदी, कनिष्ठ सहायक, मिटर रिडिङ ईकाइप्रमुखको भूमिकामा उत्कृष्ट किशोरराज न्यौपाने, विदुर खड्का, सानुकान्छा जिम्बा, कार्यालय सहयोगी, कृष्णप्रसाद वाग्ले, मोहन दोङ, गोकुल रिजाल, दीपक चौलागाई, दुर्गा बहादुर थिङ पुरस्कृत गरिएको छ ।

यसैगरी शाखा कार्यालयतर्फ उपोक्ता समितिबाट बोर्डमा हस्तान्तरण भई बोर्ड अन्तर्गत रही उत्कृष्ट कार्य गर्ने प्रोत्साहनस्वरुप नगद सहित प्रशंसापत्र प्राप्त गर्ने कर्मचारी केदार बहादुर थिङ, गीता विश्वकर्मा, सानुकान्छा थिङ, नुरेन्द्रराज ढकाल रहेका छन् ।

# एक पुरुष मृत भेटिए

साझाकुरा संवाददाता

हेटौंडा, ८ जेठ/हेटौंडा उपमहानगरपालिका-२ मकवानपुर बहुमुखी क्याम्पसनजिकै एक पुरुष मृत भेटिएका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार मकवानपुरगढी गाउँपालिका-३ बस्ने ५२ वर्षीय कृष्ण भन्ने इन्द्रबहादुर खड्का मंगलबार बिहान मृत भेटिएका हुन् ।

हेटौंडा उपमहानगर पालिका-२ का स्थानीय बिनोद लामिछानेको मान्छे नबसेको पुरानो घरको सिंडीमा खड्का मृतअबस्थामा फेला परेको मकवानपुर प्रहरीप्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिए ।

भण्डारीका अनुसार उनी एक महिना अगाडि घर छाडेर हिँडेको र बिरामीसमेत रहेका थिए । पोष्टमाटम पश्चात शव आफन्तले बुझेर लगेको प्रहरीले जानकारी दिएको छ ।

# अटो तथा इ-रिक्सा युनियन अध्यक्षमा उप्रेती



साझाकुरा संवाददाता

हेटौंडा, ८ जेठ/नेकपा एकीकृत (समाजवादी) पार्टी मकवानपुरको घटक संगठन एकीकृत अटो तथा इ-रिक्सा युनियन मकवानपुर समाजवादीको दोस्रो जिल्ला भेला सप्पन्न भएको छ ।

भेलाले कृष्णप्रसाद उप्रेतीको अध्यक्षतामा १९ सदस्यीय नयाँ समिति गठन गरेको छ । समितिको उपाध्यक्षमा प्रदिपप्रसाद सुवेदी, सचिवमा विश्वमित्र सापकोटा र कोषाध्यक्षमा विश्वराज सुर्खेतीलाई चयन गरेको छ ।

भेलाले खेमलाल कार्की, प्रकाश भट्ट, देवराज लामा, बासु रानामगर, किरण लामा, बिनोद कार्की, धनपती कुँवरलगायतलाई सदस्यमा चयन गरेको छ ।

सन्तोष ओझाको सभाध्यक्षता तथा पार्टीका जिल्ला अध्यक्ष विष्णु दाहालको प्रमुख आतिथ्यतामा हेटौंडा-४ स्थित समाजवादी पार्टीको सभाहलमा भेला भएको हो ।

कार्यक्रममा पार्टीका जिल्ला सचिव ध्रुव भुजेल, उपसचिव किशोर बर्तौला, ट्रेड युनियनका जिल्ला सदस्य दीपक बस्नेत लगायतको आतिथ्यता रहेको थियो ।

# हातेमालोको शेयरपुँजी ६ करोड ३६ लाख




साझाकुरा संवाददाता

हेटौंडा, ८ जेठ/ हातेमालो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको शेयरपुँजी ६ करोड ३६ लाख १३ हजार ३ सय रुपैयाँ पुगेको छ । २ हजार ७२२ जना सदस्य आवद्ध रहेको सहकारीमा २०८१ को बैशाख मसान्तसम्ममा ५० करोड २४ लाख ६३ हजार ९०२ रुपैयाँ बचत निक्षेप रहेको छ ।

संस्थाले सदस्यलाई ५२ करोड ३४ लाख २७ हजार २६८ रुपैयाँ कर्जा लगानी गरेको सहकारीको व्यवस्थापक रमला सापकोटाले बताइन् । सहकारीले १८ औँ स्थापना दिवसको अवसरमा एक सातादेखि विविध कार्यक्रम गर्दै आएको छ । मंगलबार पत्रकारहरुसँग सहकारी कार्यक्रममा यस्तो जानकारी सार्वजनिक गरिएको हो । देशमा सहकारीभित्र हुने अपचलनको सवाल तीब्ररुपमा उठिरहेको समयमा मकवानपुरको हेटौंडा-२ मा रहेको हालेमालो सहकारीले नियमित अपनाउँदै आएको पारदर्शीताले सहकारीलाई प्रगतितर्फ डोहोर्‍याएको सहकारीका सचिव सीताराम दाहालले बताए ।

सहकारीले सदस्यको सुझाव एवम् गुनासो सम्बोधन सहितको सदस्यसेवा, संस्थामा सूचना पाटीको व्यावस्थापन, सदस्य गुनासो पुस्तिका सहित सुझावको व्यवस्थापन, मोवाइल बैकिङ कारोबारबाट सदस्यलाई नियमित सूचना दिइएको निःशुल्क एसएमएस अलर्ट कारोबार बारे जानकारी गराउने गरेको छ । यसैगरी फेसबुकमार्फत सूचना तथा गतिविधिको जानकारी, वार्षिक प्रतिवेदन, भित्तेपात्रो निःशुल्क वितरण, संस्थाको गतिबिधि सूचना पाटीमा सार्वजनिक गर्ने गरिएको व्यवस्थापक सापकोटाले बताइन् ।

सहकारीमा जोखिम, द्वन्द्व तथा विपद व्यवस्थापन सयंन्त्रको निर्माण, कारोबार डाटा क्लाउडमा व्यवस्थापन, ऋणका फाईलहरु स्क्यान कपी सुरक्षित, साकोसको भौतिक संरचना, उपकरण तथा काउन्टरको बीमा, कार्यालयमा सिसि क्यामेरा व्यवस्था, कार्यालयमा अग्निनियन्त्रणयन्त्र व्यवस्था, सम्पत्ति शुद्धिकरण कार्यविधि बनाई लागु गरिएको उपाध्यक्ष केशव धितालले बताए ।

कार्यक्रममा प्रदेश सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटाले सहकारीले समय सापेक्ष कार्यक्रम र योजना ल्याउँदा लाभदायक हुने बताए । मंगलबार भएको कार्यक्रममा हेटौंडा-२ का वडाध्यक्ष विष्णुगोपाल महर्जन, हेटौंडा उपमहानगरपालिका सहकारी शाखाप्रमुख हिमप्रसाद पौडेल, नेृस्कुन फिल्ड कार्यालय मकवानपुरका प्रमुख विदुर खड्का, संस्थाका कानुनी सल्लाहकार अरुण खतिवडा, लेखासमिति संयोजक नारायणप्रसाद रेग्मी, प्रशिक्षक यमकुमारी श्रेष्ठलगायतको उपस्थिति रहेको थियो ।

साताव्यापि कार्यक्रमका सहभागीलाई प्रमाणपत्र वितरण गरिएको थियो । सहकारीले साताव्यापि कार्यक्रमअन्तरगत सेल्फ मेकअप तालिम, साँचोजीवन निर्माण अभियान कार्यक्रम, भान्छा सुधार अभियान तथा स्वस्थ्य रहने वैज्ञानिक सिद्धान्त, सञ्चालक समिति, उपसमिति, कर्मचारी, संस्थापक तथा पूर्वसञ्चालक समीक्षा बैठक, असल बचतकर्ता र ऋणी सदस्यसँग अन्तर क्रिया, सम्मान कार्यक्रम, रक्तदान तथा स्वास्थ्यपरीक्षण, संस्कृत वेद विद्यालयलाई सहयोग हस्तान्तरण लगायतको कार्यक्रम गरेको अध्यक्ष हरिप्रसाद पौडेलले बताए ।

# जनजागृति सहकारीमा चिलिङभ्याट सञ्चालनमा



साझाकुरा संवाददाता

हेटौंडा, ८ जेठ/ मकवानपुरगढी गाउँपालिका-५ सिमलटारमा रहेको जनजागृति बहुउद्देश्यीय सहकारी संस्थाले दुध संकलन बैंक स्थापना गरी चिलिङभ्याट सञ्चालनमा ल्याएको छ । मंगलबार एक कार्यक्रमकाबीच भ्याटको उद्घाटन गरिएको थियो ।

संस्थाका अध्यक्ष हीरामणि दाहालको अध्यक्षता तथा वडा नम्बर ५ का वडाध्यक्ष दिपेश दाहालको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा वडाध्यक्ष दाहालले भ्याट सञ्चालनपछि दुध संकलनमा सहजता रहने बताए । गाउँपालिकाले दिने एक रुपैयाँ अनुदानका कार्यक्रमलाई निरन्तरता रहने भन्दै दुध विक्री सहकारीमार्फत नै गर्न आग्रह गरेका थिए । उनले संस्थालाई यही आवमा एनालाइजर मेशिन प्रदान गर्ने प्रतिवद्धता गरेका छन् । वडाबाट पशुपालन क्षेत्रमा गोठ सुधारको कार्यक्रम भइरहेकाले आगामी वर्षमा पनि त्यसलाई निरन्तरता दिने बताए ।

दुध संकलन तथा बिक्री गर्दै आइरहेको सहकारीले चिलिङभ्याट राखेर थप सुविधाका साथ दुध संकलन र बिक्री गर्ने संस्थाका अध्यक्ष दाहालले बताए । सहकारीमा मकवानपुरगढी ५ र ४ का किसानले दुध विक्री गर्दै आइरहेका छन् । दैनिक ५ सय भन्दा बढी दुध संकलन गर्दै आइरहेको सहकारीले भ्याट सञ्चालनपश्चात बढी दुध संकलन गरी बिक्री गर्न सहज हुने अध्यक्ष दाहालले बताए ।

प्रदेश दुग्ध विकास वोर्डले दुध संकलन बैंक स्थापना कार्यक्रम अन्तरगत दुई लाख ८० हजार बजेटमा ५० हजारका पाँचवटा दुध क्यान खरिद गरिएको र २ लाख ३० हजारमा पाँच सय लिटर क्षमता भएको चिलिङभ्याट खरिद गरिएको संस्थाका व्यवस्थापक राजन घिमिरेले बताए । कार्यक्रममा प्रदेश दुग्ध विकास वोर्डका दुध प्राविधिक अधिकृत डा. मन्दिप पोखरेल, संस्थाका सल्लाहकार ईन्द्रबहादुर बस्नेत, यज्ञप्रसाद तिमल्सिनालगायतको आतिथ्यता रहेको थियो ।

# हेटौंडामा प्रदेशको सुरक्षा समन्वय समिति बैठक

साझाकुरा संवाददाता

हेटौंडा, ८ जेठ/प्रदेशको सुरक्षा समन्वय समिति बैठकमा सहभागी हुन चारवटै सुरक्षा निकायका प्रमुख र १३ वटा जिल्लाका प्रमुख जिल्ला अधिकारी हेटौंडामा भेला भएका छन् ।

बागमती प्रदेशस्तरीय सुरक्षा समन्वय समितिको वैठकको उद्घाटन मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले गरे । बैठकमा नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका प्रमुखसहित प्रदेशअन्तर्गत १३ वटै जिल्लाका सुरक्षा समितिका पदाधिकारी सहभागी छन् । जिल्ला सुरक्षा समितिमा प्रमुख जिल्ला अधिकारी, प्रहरी, आर्मी, सशस्त्र, अनुसन्धानका प्रमुख एवम् सहायक प्रमुख जिल्ला अधिकारी पदाधिकारी रहने व्यवस्था छ ।

प्रदेश समन्वय समितिको बैठक यसअघि ६ वटा प्रदेशमा सम्पन्न भइसकेको मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईंले जानकारी दिए । बैठकको उद्घाटन सत्रमा गृहमन्त्री रवि लामिछाने आउने बताइए पनि अन्तिम समयमा उनी आएनन् । गृहमन्त्री लामिछाने बुधबार मात्र हेटौंडा आउने बताइएको छ ।

'गृहमन्त्रीज्यूले बैठकलाई भोलि सम्बोधन गर्नुहुनेछ ।,' प्रजिअ सेढाईंले भने । उनका अनुसार प्रदेशका आन्तरिक मामिला मन्त्री गंगानारायण श्रेष्ठ, संघीय गृह मन्त्रालयका सचिव एकनारायण अर्याल, प्रवक्ता नारायण भट्टराई तथा राष्ट्रिय परिचयपत्र विभागका प्रमुख युवराज कट्टेललगायतको उपस्थिति छ ।

बैठकमा विशेष गरी प्रदेशभरको शान्तिसुरक्षा, सेवाप्रवाहको अवस्था, विपद् नियन्त्रणका विषयमा छलफल हुने जनाइएको छ । 'शान्तिसुरक्षा कायम गर्न समाजमा गरिएको नवीन कार्य, सुरक्षा थ्रेडको अवस्थालगायत विषयमा वैठकमा छलफल हुनेछ,' प्रजिअ सेढाईंले भने । बैठक बुधवारसम्म चल्नेछ ।

# कृष्ण आदर्शको साताव्यापी कार्यक्रम समापन

साझाकुरा संवाददाता

हेटौंडा, ८ जेठ/हेटौंडा उपमहानगरपालिका-९, स्थित कृष्णआदर्श इङ्लिस सेकेन्डरी बोर्डिङ स्कुल (कसेस) ले विद्यार्थीको शैक्षिक विकासमा स्वास्थ्य र पोषणबारे सचेतना जगाउने उद्देश्यले सुरु गरेको साताव्यापी स्वास्थ्य र पोषण कार्यक्रम मंगलबार समापन भएको छ ।

विद्यालयमा विद्यार्थीले स्वास्थ्य र पोषणसम्बन्धी प्रदर्शनी गर्दै साताव्यापी कार्यक्रमको अन्त्य गरेको हो । विद्यालय परिसरमा स्वस्थ रहन अपनाउनुपर्ने उपायहरु, स्वस्थ र पोषणयुक्त खानेकुराबारे प्रदर्शनीसहित सचेतना कार्यक्रम, कुन खानेकुरा कति, कसरी र कहिले खाने भन्नेबारे ज्ञान प्रदान गरिएको थियो । कक्षा ६ देखि १० कक्षा सम्मका विद्यार्थीले फरकफरक समूह बनाई पोषण र स्वास्थ्यबारे प्रदर्शनीका साथ सचेतना अभिवृद्धि कार्यक्रम गरेको विद्यालय सञ्चालक नविन केसीले बताए ।

विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य र शिक्षाको स्तर सुधार गर्ने उद्देश्यका साथ विद्यालयले जेठ १ गतेदेखि सप्ताहव्यापी कार्यक्रम सुरु गरेको हो । एक सातासम्म विद्यालयमा सरसफाई, विद्यार्थीको स्वास्थ्यजाँच, औषधि वितरण, पोषण र स्वास्थ्यबारे सचेतनालगायत कार्यक्रम गरिएको थियो ।

विद्यार्थीको उचाई र तौलमापन गर्ने, पोषणको महत्वबारे वडा क्लिनिकबाट सहजकर्ता बोलाई अभिमुखीकरण, पोषण र स्वास्थ्यबारे हाजिरीजवाफलगायतका कार्यक्रम पनि गरिएको विद्यालयले जनाएको छ ।

**कर्मचारी आवश्यकता**

*पुनः प्रकाशित मिति : २०८१/०२/०९*

यस युशेस बचत तथा ऋण सहकारी संस्था लि.का लीग करार सेवामा रहने गरी निम्न अनुसार काम गर्ने कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक नेपाली नागरिकले यो पुनःसूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रितपूर्वक निवेदन आह्वान गरिएको छ ।

**विज्ञापन : १/२०८०/०८१**

१. पद : ऋण सहायक/कम्प्युटर
२. संख्या : १ (एक)
३. परीक्षाको किसिम : लिखित र मौखिक दुवै
४. न्युनतम शैक्षिक योग्यता : १०+२ उत्तिर्ण
५. लिङ्ग : पुरुष
६. उमेर : १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको
७. बान्छनिय योग्यता : कम्प्युटरमा दक्षा तथा सवारी साधन चलाउने अनुमति प्राप्त भएको
८. प्रारिश्रमिक सुविधा : संस्थाको नियम अनुसार हुनेछ ।
९. कामको प्रकृति : कार्यालय/ऋण अनुगमन तथा असुली ।
१०. सम्पर्क : दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट दिनको १ बजे ।
११. परीक्षा समय र मिति : सम्पर्क मितिमा जानकारी गराइनेछ ।
१२. परीक्षा दस्तुर : रु. ५००।-
**१३. आवश्यक कागजातहरु :**
क. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
ख. बायोडाटा (व्यक्तिगत विवरण)
ग. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
घ. कम्प्युटर तथा अन्य अनुभव सम्बन्धी योग्यताको र चालक अनुमति प्रमाणपत्रको प्रतिलिपि
ङ. पासपोर्ट साइजको फोटो २ थान
च. दरखास्त दिने स्थानः संस्थाको कार्यालय, हेटौंडा-४, पारिजातपथ ।

*थप जानकारीको लागि*

**युशेस बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-४, पारिजतपथ, फोन : ०५७-५२४४४७

हेटौंडामै उत्पादित

**सुदिन ड्राइमिट**






**Ready To Eat**

**हाम्रा विशेषताहरू:**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३